# महिलाको निम्ति महिला मञ्च नेपाल











## वार्षिक प्रतिवेदन
## आ.व.२०७१/०७२




# वार्षिक प्रतिवेदन

आ.व.२०७१/०७२

महिलाको निम्ति महिला मञ्च नेपाल
वार्षिक प्रतिवेदन आ.व.२०७१/०७२

सचिवः छलीमाया मगर

प्रकाशकः

महिलाको निम्ति महिला मञ्च नेपाल
गोंगबु, काठमाडौं
फोन नं.: ०१४३८१६८६,
ईमेलः wofowon@gmail.com
वेवसाइटः www.wofowon.org.np

# दुई शब्द

अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्वर्द्धनका लागि आफ्ना गतिविधिहरु मार्फत महिलाहरुलाई संगठित गर्दै निरन्तर रुपमा अभियानरत रहने महिलाको निम्ति महिला मञ्च नेपाल (वोफोवोन) को परिलक्ष्य रहेको छ । यस संस्था विगत ७ वर्षदेखि अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिल(ाहरुको मानव तथा श्रम अधिकार साथै आर्थिक, सामाजिक अधिकार सुनिश्चितताका लागि क्रियाशील रहँदै आएको छ । महिला तथा किशोरीहरुको सशक्तिकरण, क्षमता अभिवृद्धिको लागि सहजीकरण तथा समूह निर्माण, परिचालनका साथै संगठित हुने वा(तावरण सिर्जना गर्न सदस्यता अभिवृद्धि, नेतृत्व तथा संस्थागत विकासका साथै यस क्षेत्रमा श्रमिक महिलाहरुको सवालमा नीति परिमार्जन, निर्माण र कार्यान्वयनका लागि पैरवी गर्दै आईरहेको छ । सामाजिक, आर्थिक, राजनीतिक रुपमा पछाडी पारिएका अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिला, किशोरी तथा बालिकाहरुको अधिकार संरक्षण र प्रवर्द्धनका लागि यस संस्थाले निरन्तर रुपमा काम गर्दै आइरहेको छ ।

सरोकारवाला निकाय तथा राज्य पक्षलाई जवाफदेही र जिम्मेवार बनाउन पैरवी कार्यक्रमका साथै क्षमता अभिवृद्धिका कार्यहरु गर्दै श्रमिक महिलाहरुमाथि हुने हिंसा, शोषण अन्त्य, सामाजिक न्यायको स्थापनाका लागि सामाजिक सशक्तिकरणको पाटोलाई थप बलियो बनाउँदै लगेको छ । श्रमिक महिलाहरुको सक्रियता सहित श्रमिक महिलाहरुको अधिकार सुनिश्चित गर्नका लागि समुदाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तर सम्म व्यापक रुपमा कार्यक्रम तथा अभियानहरु संचालन गर्दै आएको छ । वि.सं. २०७२ सालको महाविनाशकारी भूकम्पले गर्दा श्रमिक महिलाहरुमाथि ठूलो असर तथा समस्या चूनौति अभिवृद्धि भएको छ । यस्तो संकटकालीन अवस्थामा पनि श्रमिक महिलाहरुको एकतामा ठूलो बल हुने कुरा हामी माझ स्थापित भएको छ। आउदा दिनहरुमा श्रमिक महिलाहरुको श्रम तथा मानव अधिकार स्थापना साथै दिगो जीविकोपार्जनका लागि सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरु संवेदनशील तथा जवाफदेही हुनु अत्यावश्यक देखिन्छ ।

यसै क्रममा महिलाको निम्ति महिला मञ्च नेपालद्धारा सञ्चालित विभिन्न अभियानमूलक कार्यक्रमहरुमा सहकार्य गरि अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुमाथि हुने हिंसा शोषण विरुद्ध सामाजिक न्याय स्थापनाका लागि हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आएका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर-सरकारी संघ-संस्था र सरोकारवालाहरुलाई महिलाको निम्ति महिला मञ्च नेपालको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु !



गोमावती पुन (सिंजना)

अध्यक्ष

# विषयसूची


दुई शब्द

१. संस्थाको परिचय १

२. कार्यक्रमको प्रगति विवरण ६

२.१. चेतना अभिवृद्धि कार्यक्रम ७

२.२.क्षमता विकास कार्यक्रम १९

२.३. ड्रपइन सेन्टर सञ्चालन अर्न्तगत सेवा तथा सहयोग २३

२.४. संगठन सुदृढिकरण तथा संस्थागत विकास कार्यक्रमहरु २७

२.५. महिलावादी दृष्टिकोणबाट अनुसन्धान तथा सर्वेक्षण २९

२.६. दबाब तथा पैरवीमूलक कार्यक्रमहरु ३२

२.७. समन्वय तथा सहकार्य ३७

२.८. अभियानमूलक कार्यक्रमहरु ३८

२.९. भूकम्प पछाडि संस्थाको भूमिका तथा गतिविधिहरु ४१

३. समस्या तथा चूनौतिहरु ४७

४. समग्र उपलब्धिहरु ४७

५. सिकाई तथा निश्कर्ष ४९

६. अनुसूची ५०

अनुसूची १: घोषणपत्र ५०

अनुसूची २: साझेदार संस्थाहरु ५२

अनुसूची ३: संस्थापक कार्यसमिति सदस्यहरु ५२

अनुसूची ४: महिलाको निम्ति महिला मञ्च नेपाल सदस्य रहेका राष्ट्रिय संजालहरु ५२

अनुसुची ५: महिलाको निम्ति महिला मञ्च नेपाल सदस्य रहेका अन्तराष्ट्रिय संजालहरु ५२

अनुसूची ६: संस्थाका प्रकाशनहरु ५२

अनुसूची ७: सहकार्यमा प्रकाशन ५२

अनुसूची ८: आर्थिक वर्ष २०७१/७२ को आयव्यय विवरण ५३



# १. संस्थाको परिचय

२०६४ साल चैत्र ६ गते औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भई समाज कल्याण परिषद्मा आबद्ध भई बैधानिक तथा कानूनी रुपमा स्थापना गरिएको यस संस्थाले स्थानागमन गरी विभिन्न चूनौतिपूर्ण अवस्थामा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत आन्तरिक बेचबेखिनको जोखिममा पर्न सक्ने किशोरी तथा बालबालिका र महिलाहरुको श्रम अधिकार ,मानव अधिकार र स्वतन्त्र गतिशिलताको अधिकार, आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार सुश्चितताको निम्ति निरन्तर क्रियाशील रहँदै आएको छ । संस्थाले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुमाथि भएको विभिन्न हिंसा विरुद्ध केन्द्रित भई काम गर्दै आएको छ ।

महिलाको निम्ति महिला मञ्च नेपाल अनौपचारिक तथा मनोरञ्जन क्षेत्र (डान्स रेस्टुरेण्ट, दोहोरी रेस्टुरेण्ट, मसाज पार्लर, खुला तथा क्याविन रेस्टुरेण्टमा कार्यरत महिलाहरुले आफुमाथि भएको विभेदको विरुद्धमा आफ्नो मानबअधिकार सुनिश्चितताको निम्ति आफैले स्थापना गरिएको नेपालको पहिलो संस्था हो र संस्था मात्र नभई यो श्रमिक महिलाहरुको संगठन र संरचना मात्र नभई श्रमिक महिलाको शक्ति पनि हो । संस्थाले स्थापनाकालदेखि नै श्रमिक महिलाहरुको मानव अधिकार सुनिश्चिताको लागि विभिन्न पैरवी तथा अभियानमूलक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

विश्वव्यापीकरणको प्रभावसँगै शहरी क्षेत्रहरुमा व्यवसायिक रुपमा संचालन गरिएका विभिन्न सेवा मुलक अनौपचारिक तथा मनोरञ्जन क्षेत्रहरु डान्स रेस्टुरेण्ट, दोहोरी साँझ,क याबिन रेष्टुरेण्ट ,खुल्ला रेष्टुरेण्ट तथा मसाज पार्लरहरुमा श्रमिक महिलाहरुको बढ्दो मागसँगै जीविकोपार्जन र रोजगारीकोलागि सकरात्मक अवसर सिर्जना भएको छ । तर पनि यस क्षेत्रमा समाजिक पितृसत्तात्मक मूल्यमान्यता तथा संरचनाहरुका साथ साथै राज्यले यस क्षेत्रको कामको मान्यता प्रदान नगरेकोले कारण यस क्षेत्रमा कार्यरत श्रमिक महिलाहरु विभिन्न हिंसा शोषण र लैगिंक विभेद जस्ता अपमानजनक दुर्व्यवहार तथा मानव अधिकार हननका घटनाहरु खप्नुको साथै परीवारिक, सामाजिक अपहेलना सहन बाध्य भएका छन् । यी समस्या तथा चूनौतिहरुलाई मध्यनजर गर्दै संस्थाले श्रमिक महिलाहरुको सूचना, अत्यावश्यक सेवा तथा न्यायमा पहूँच अभिवृद्धि गर्न विभिन्न सेवाहरु उपलब्ध गराउँदै अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको मानव अधिकार सुनिश्चितताको निम्ति श्रमिक महिलाहरुको क्षमता अभिवृद्धि तथा सामूहिक नेतृत्व विकास तथा पहूँच अभिवृद्धि गर्दै संगठित आन्दोलनलाई अगाडि बढाउन सहजीकरण गर्दै आएको छ । साथसाथै विभिन्न सम्बन्धित सरोकारवाला निकायहरुलाई सचेत, संवेदनशील, कार्यउन्मूख र जवाफदेही बनाउनका लागि अभियानमुलक दबाब/पैरवी कार्यक्रमहरु निरन्तर रुपमा संञ्चालन गर्दै आइरहेको छ ।

वि.सं. २०७२ साल वैशाष १२ गतेको महाविनाशकारी भूकम्प पश्चात श्रमिक महिलाहरुको रोजगारी तथा बासस्थानबाट विस्तापन भइ जिवीकोपार्जनका लागि विभिन्न समस्या तथा चूनौतिहरु थपिएको अवस्थामा संस्थाले सुरक्षित स्थान तथा अत्यावश्यक सामाग्री उपलब्ध गराउन, अत्यावश्यक सेवाहरुमा पहूँच बढाउन, डर त्रास कम गर्न साथै पुर्ननिर्माणमा श्रमिकहरुको सहभागीता बढाइ समाजमा पुर्ननिर्माणमा महिला सक्रियता तथा सहभागीताको सकारात्मक सन्देश प्रवाह गर्नका लागि सहजीकरण गर्दै दिगो जिवीकोपार्जनका लागि स्वरोजगारी तथा व्यवायिक प्रवर्द्धनका लागि पहल गरिरहेको छ ।

## क. दूरदृष्टि

अनौपचारिक तथा मनोरञ्जन क्षेत्र (डान्स बार/रेष्टुरेण्ट, दोहोरी साँझ, मसाज पार्लर, क्याविन तथा खुल्ला रेष्टुरेण्ट)मा कार्यरत श्रमिक महिलाहरुको मानव अधिकारको सुनिश्चितता सहित सामाजिक न्यायमा आधारित समाज महिलाको निम्ति महिला मञ्च नेपालको परिकल्पना हो ।

## ख. परिलक्ष्य

महिलाको निम्ति महिला मञ्च नेपाल अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आफ्ना गतिविधिहरु मार्फत महिलाहरुलाई संगठित गर्दै निरन्तर रुपमा अभियानरत रहने छ ।

## ग. लक्ष्य

अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुलाई संगठित र सशक्तिकरण गर्नका लागि सहजीकरण गरी श्रम अधिकारको सुनिश्चितता, कामको मान्यता र पहिचान स्थापित गराउन पैरवी गर्दै श्रमिक महिलाहरु विरुद्ध हुने हिंसा अन्त्यगर्नु महिलाको निम्ति महिला मञ्च नेपालको लक्ष्य हुनेछ ।

## घ. उद्देश्यहरु

- श्रमिक महिलाको संगठन विस्तार तथा सुदृढिकरणका लागि सहजीकरण गर्ने,
- आफ्नो अधिकार प्राप्ति तथा आफू विरुद्ध हुने हिंसा तथा श्रम शोषण अन्त्यको लागि आफैं वकालत गर्न सक्ने वातावरण तयार गर्ने,
- श्रमिक महिलाहरुको सामूहिक नेतृत्व विकासको लागि क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्ने,
- मानव अधिकार, महिला स्वास्थ्य अधिकार, श्रम अधिकार तथा सुरक्षित स्थानागमन र गतिशीलताको अधिकार सुनिश्चितताको लागि समय सापेक्ष चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

- अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको श्रम अधिकार र सामाजिक सुरक्षाको लागि पैरवी गर्ने
- आन्तरिक बेचविखनमा परेका वा स्थानागमन गरी अनौपचारिक क्षेत्रमा जोखिमपूर्ण श्रम गरिरहेका महिला, किशोरी तथा बालिकाहरुलाई आवश्यक सहयोग गर्ने
- श्रमिक महिलाहरुको क्षमता अभिवृद्धिका लागि सम्बन्धित निकायसँग समन्वय, सहकार्य गरी व्यवसायिक सीपमूलक तालिमहरु सञ्चालन गर्ने
- समान उद्देश्य भएका स्थानीय तहदेखि राष्ट्रिय, अर्न्तराष्ट्रिय स्तरसम्म क्रियाशील संघ, संस्था तथा संजालहरुसँग समन्वय र सहकार्य गर्ने

## ङ. यस वर्षको निर्दिष्ट उद्देश्यहरु

- यस क्षेत्रमा श्रमिक महिलाहरुको अधिकारका निम्ति जनचेतनामूलक अभियान कार्यक्रमहरु संचालन गर्ने,
- अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरुलाई आफ्नो अधिकार प्रति सुसूचित गर्दै संगठित हुन क्षमता अभिवृद्धि गर्ने,
- श्रमिक महिलाहरुलाहरुको क्षमता विकासका लागि विषयगत तालिम तथा व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गर्ने,
- आवश्यकतामा आधारित सहयोग तथा सेवाहरु प्रद्धान गर्ने,



- कार्यक्षेत्रमा हुने हिंसा तथा शोषणलाई न्यूनीकरण गर्न, श्रमिक महिलाहरुको अधिकार सुनिश्चि गर्ने नयाँ कानूनी तथा नितिगत व्यवस्था निर्माण तथा भएका कानूनी प्रवद्धानहरुको प्रभावकारी कार्यान्वयन गर्न दबाब तथा पैरवी कार्यक्रमहरु सञ्चालन गर्ने,
- श्रमिक महिलाहरुलाई साथी शिक्षक परिचालनको माध्यमबाट श्रमिक महिलाहरुलाई संगठित गर्दै आफ्नो अधिकारप्रति सचेत गराउने,
- संस्थाको दिगो संस्थागत विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय बिस्तार गर्ने,
- यस क्षेत्रमा कार्यरत महिलाहरुको श्रमको अवस्था, स्थानागमनको अवस्था सम्बन्धि विश्लेषणात्मक आवश्यकतामा आधारित अध्ययन, अनुसन्धान गर्ने ।

## च. संस्थागत रणनिति :

- समूह, संगठन बिस्तार, परिचालन र सुदृढीकरण
- जनचेतना अभिवृद्धि
- क्षमता अभिवृद्धि
- समन्वय, सहकार्य बिस्तार
- श्रमिक महिलाहरुको अधिकार उल्लंघनका घटनाहरुको अनुगमन तथा अभिलेखिकरण
- सत्य तथ्यको आधारमा पैरवी
- स्रोत साधनको पहिचान र परिचालन
- आवश्यकतामा आधारित सहयोग

## छ. मूल्य मान्यता

संस्थाले आत्मसात गरेका मूल्य र मान्यताहरु यस प्रकार रहेका छन् :

- अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाको अधिकारको लागि काम गर्ने
- महिला नेतृत्वको विकास
- अधिकारमूखी अवधारणाको अवलम्बन गर्ने
- समावेशीपन, समानता
- समूहिक कार्य
- स्वयंसेवी भावना
- पारदर्शीता
- एक अर्काको भावना र कामलाई कदर
- इमान्दारिता
- गोपनीयता
- स्वार्थको द्वन्द्व नगर्ने
- लैंगिक समानता कायम गर्ने

## ज. पैरवीका मुख्य मुद्दाहरु

- ➢ श्रमजीवी महिलाहरुप्रति डान्स रेष्टुरेण्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्ने सम्बन्धि सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका २०६५ को प्रभावकारी कार्यान्वयन गरिनुपर्ने
- ➢ श्रमिक महिलाहरुको श्रम तथा मानव अधिकार सुनिश्चित गर्नका निम्ति नयाँ महिलामूखी कानूनको निर्माण गरिनुपर्ने ।
- ➢ अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको नागरिता सम्बन्धि सवाललाई उठान गरिनुपर्ने ।
- ➢ अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको मानव अधिकारको प्रत्याभुति र सामाजिक सुरक्षाको सुनिश्चितता हुनु पर्ने,
- ➢ अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको कामको मान्यता प्रदान गरिनुको साथै यस क्षेत्रको मुद्दाहरु श्रम ऐनमा समिटिनु पर्ने,
- ➢ महिलाहरुलाई कार्यक्षेत्रमा सुरक्षित हुने वातावरण, निर्वाहमूखी ज्यालाको सुनिश्चितता, कामलाई व्यवस्थित बनाउन नियूक्तिपत्रको व्यवस्था सुनिश्चित गरिनु पर्ने,
- ➢ स्वतन्त्र गतिशिलता र सुरक्षित स्थानागमनको अधिकार सुनिश्चित गरिनु पर्ने,
- ➢ नयाँ संविधानमा श्रमिक महिलामैत्री व्यवस्था उल्लेख हुनु पर्ने,
- ➢ भूकम्प पश्चात भूकम्प प्रभावित श्रमिक महिलाहरुको पुर्नस्थापना, पुर्नरोजगारीका लागि राज्यद्वारा व्यवस्था गरिनु पर्ने ।

## झ. लक्षित समूह

अधिकारवाला समूहः अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा जोखिमपुर्ण श्रम गरि गरिरहेका श्रमिक महिला, किशोरी तथा बालिकाहरु,

र्कतव्यबाहक समूहः विभिन्न सम्बन्धित सरकारी निकायहरु

साझेदार समूहः विभिन्न गैरसरकारी सरोकारवाला निकायहरु

## ञ. लक्षित कार्य क्षेत्र

काठमाण्डौं जिल्ला भरीका अनौपचारिक तथा मनोरञ्जन क्षेत्रका व्यवसाय (डान्स रेष्टुरेण्ट, दोहोरी साँझ, मसाज तथा स्पा पार्लर, खुला तथा क्याविन रेष्टुरेण्ट) हरु अवस्थित क्षेत्रहरु ।




**चित्र नम्बर १: कार्यक्षेत्र तथा समन्वय गरिएका जिल्लाहरु**

यस वर्ष संस्थाले काठमाण्डौं जिल्लामा केन्द्रित आफ्नो कार्यलाई अगाडि बढाएको छ । साथै अन्य संघ, संस्थासँगको समन्वयमा सुनसरी तथा मोरङ जिल्लाहरुमा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक बालिका, किशोरी तथा महिलाहरुको अवस्था विषयक महिलावादी अध्ययन संचालन मार्फत समन्वय अभिवृद्धि गरेको छ ।



# २. कार्यक्रमको प्रगति विवरण

**महिलाको निम्ति महिला मञ्च नेपालका मुख्य कार्यक्रमहरु:**




चित्र नम्बर २: संस्थाका प्रमुख कार्यक्रमहरु

## २.१. चेतना अभिवृद्धि कार्यक्रम

### २.१.१. सामाजिक परिचालन (आउटरिच)

महिलाको निम्ति महिला मञ्च नेपालको दैनिक सामाजिक परिचालन (आउटरिच) कार्यक्रम अन्र्तगत अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुलाई कार्यस्थलमा प्रत्यक्ष्य रुपमा भेटघाट गरि कार्यस्थलको अवस्था र श्रमिक महिलाले भोगिरहनु परेको समस्याहरु बारे बुझ्ने, संस्थाको बारेमा तथा सैस्थाले उपलब्ध गराउने सेवाहरुको बारेमा जानकारी गराई संस्थामा आउने वातावरण र्सिजना गर्ने, साथीत्व तथा निकटताको भावना र्सिजना गर्ने साथै मानव अधिकारमा आधारित विषयहरु, सुरक्षित स्थानागमन, श्रम अधिकार तथा अन्याय विरुद्ध उजुरी गर्ने निकायहरु, कानूनी प्रावधानहरु, प्रक्रियाहरु, स्वास्थ्य सम्बन्धि परामर्श तथा सूचना प्रवाह गर्ने गरिन्छ । साथै एककृत हुनका लागि उत्प्रेरित गर्ने गरिन्छ । कार्यक्षेत्रमा सदस्यहरु त्था श्रमिक महिलाहरुलाई निरन्तर भेटघाट गरी श्रमिक महिलाहरुको समस्यामा केन्द्रीत भई विभिन्न क्षमता अभिवृद्धि कार्यक्रमहरु, व्यवासयिक सीपमूलक तालिमहरुको विषयमा जानकारी दिइन्छ। सामाजिक परिचालनको उपलब्धि स्वरुप श्रमिक महिलाहरुमा चेतना तथा जागरुकतामा अभिवृद्धि साथै संस्थासम्म आइ विभिन्न सेवाहरु प्राप्त गर्ने र विभिन्न कार्यक्रमहरुमा सहभागी हुने गर्दछन् । सामाजिक परिचालनको क्रममा कार्यस्थलमा भेटिने व्यवासय साहू तथा संचालन साथै स्थानिय संघ, संस्थाहरुसँग पनि समन्वय गर्ने गरिन्छ ।

सूचना पत्र वितरण

यसै क्रममा श्रमिक महिलाहरुमाथि कार्यक्षेत्र वा कुनै पनि स्थानमा हिंसा, शोषण वा दुर्व्यवहार भएमा सम्पर्क गर्न सकिने सेवाप्रदायक संघ, संस्था तथा सम्बन्धित सरकारी निकायहरुको सम्पर्क सूचना तथा महिलाको निम्ति महिला मञ्च नेपालमा उपलब्ध सेवाहरु उल्लेख भएको सूचना पत्र संस्थाले प्रकाशित गरेको छ । सो सूचना पत्र पनि आउटरिचका क्रममा श्रमिक महिलाहरुलाई दिने गरिएको छ ।

सामाजिक परिचालनका लागि कार्यक्षेत्रको विभाजन

सामाजिक परिचालनका लागि काठमाण्डौं जिल्ला अन्तर्गत क्षेत्रहरु तय गरिएको छ । सामाजिक परिचालकहरुले सूचना तथा न्यायमा पहूँच अभिवृद्धि गर्न, कार्यस्थलमा श्रमिक महिला, बालिका तथा किशोरीहरुको अवस्थाबारे जानकारी प्राप्त गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् ।

| क्षेत्र नम्बर १ | क्षेत्र नम्बर २ | क्षेत्र नम्बर ३ | क्षेत्र नम्बर ४ | क्षेत्र नम्बर ५ | क्षेत्र नम्बर ६ | क्षेत्र नम्बर ७ |
|---|---|---|---|---|---|---|
| • गोंगबु | • गल्खोपाखा | • दरबारमार्ग | • सुन्धारा | • सोल्टीमोड | • धुम्बाराही | • रातोपुल |
| • नयाँ बसपार्क | • सोह्रखुट्टे | • जमल | • न्यूरोड | • कालीमाटी | • चबाहिल | • पुरानो बानेश्वर |
| • दिपज्योती | • लैनचोर | • पुतलीसडक | • टेकु | • टंकेश्वर | • बौद्ध | • मैतिदेवी |
| • बालाजु | • ठमेल | • कमलादी | • त्रिपुरेश्वर | • छाउनी | • जोरपाटी | • डिल्लीबजार |
| • माछापोखरी | • लाजिम्पाट | • बागबजार, | • थापाथली | • बिजेश्वरी | • गौशाला | • कमलपोखरी |
| • नयाँ बजार | | | | • कलंकी | • सिनामंगल | • नयाँबानेश्वर |
| • सामाखुसी | | | | • स्वयम्भू | • कोटेश्वर | • शान्तिनगर |
| | | | | • बल्खु | • जडीबुटी | |
| | | | | • रविभवन | | |
| | | | | • ढल्कु | | |

**टेबल नम्बर १: आउटरिच क्षेत्र विवरण**

साथै विषेश गरी रात्रिकालीन समयमा सञ्चालन हुने कार्यस्थलहरुको स्थिति तथा श्रमिक महिलाहरुको अवस्थाको प्रत्यक्ष अवलोकन तथा विश्लेषणका लागि संस्थाले राति १२ बजेसम्म कार्यसमिति सदस्य तथा कर्मचारीहरुको टोली गठन गरी दुईवटा रात्रिकालीन भ्रमण सम्पन्न गरेको थियो ।

महिलाको निम्ति महिला मञ्चले दैनिक भेटघाट गरी विभिन्न सुचना दिइएको महिलाहरुको तथ्याङ्क निम्न अनुसार रहेको छ ।




### २.१.२. विभन्न अभिमुखिकरण कार्यक्रमहरु

महिलाको निम्ति महिला मञ्च नेपाल अर्न्तगत अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुमा चेतना तथा क्षमता अभिवृद्धि गर्न सत्यतथ्य, जानकारीमूलक सूचनाहरु प्रवाह गर्ने उद्देश्यले महिलाहरुको सहभागीतामा अधिकारमूखी सोचबाट विविभन्न विषयमा जानकारी आदान प्रदान गरी श्रमिक महिला तथा किशोरीहरुको दैनिक जीवनमा सहजता तथा ज्ञान र बुझाइमा वृद्धि गर्नका लागि विभिन्न विषयहरुमा अभिमूखीकरण कार्यक्रमहरुले निकै मद्धत पुगेको छ । श्रमिक महिलाहरुको कार्यव्यस्थताका कारण १ दखि ३ घण्टाको छोटो समयमा सम्भव हुने अभिमूखीकरणहरु प्रभावकारी रहेका छन् । अभिमूखीकरणहरु संस्थाले स्वयं आयोजना गर्ने तथा अन्य संघ, संस्थाहरुसँग समन्वयमा पनि आयोजना गर्ने गरेको छ । यस वर्ष श्रमिक महिलाहरुको सवालमा श्रमिक पुरुषहरुमा पनि अवधारणागत स्पष्टता तथा ऐक्यवद्धता सिर्जना गर्ने उद्देश्यले पुरुषहरुसँग पनि लैंगिक विभेद तथा हिंसाको विषयमा महिलावादी अभिमूखीकरण आयोजना गरिएको थियो ।



यस वर्ष संचालिन अभिमूखीकरण कार्यक्रमहरुको विवरण

जम्मा अभिमुकरण संख्या : ३१ वटा
जम्मा सहभागी संख्या : ७५४ जना

| क्र. सं. | अभिमूखीकरणको विषय | उद्देश्य | मिति | आयोजक | स्थान | सहभागी संख्या | उपलब्धिहरु |
|---|---|---|---|---|---|---|---|
| १. | महिला मञ्च संस्थाको बारेमा प्रस्तुतिकरण सम्बन्धि | मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुलाई संस्थाको बारेमा जानकारी गराउने | २०७१/३/१८ | महिला मञ्च नेपाल | महिला मञ्च नेपाल तालिम हल, गोंगबु | १२ जना | सदस्यहरुमा संस्थाको बारेमा बुझाइ सिर्जना भएको र अन्य श्रमिकलाई भन्न सक्ने क्षमता विकास भएको छ । |
| २. | सुरक्षित वैदेशिक रोजगार सम्बन्धि | मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुलाई वैदेशिक रोजगारीका लागि सुरक्षित स्थानागमनका प्रक्रियाका बारेमा सचेत गराउने | २०७१/३/२० | महिला मञ्च नेपाल, तथा सेर्लड संस्था | " | २७ जना | वैदेशिक रोजगारीमा जानु पूर्व अत्यावश्यक तालिम, कागजपत्रको बारेमा जानकारी भएको र चिनजानेका साथीहरुलाई बताउन सक्ने क्षमता अभिवृद्धि, सदस्यहरुद्वारा विस्तृत परामर्शको खोजी भएको छ । |
| ३. | मनोविमर्श तथा मनोसाजिक विषय सम्बन्धि | मन र समाजबीचको सम्बन्ध उजागर गर्ने, मानसिक स्वस्थका लागि स्वस्यहारका विधिहरु, मनोविमर्श र यसले जीवनमा कसरी प्रभाव पार्दछ भन्ने जानकारी प्रवाह गर्ने | २०७१/४/१ | महिला मञ्च नेपाल तथा टिपिओ नेपाल | " | ३६ जना | मनोविमर्शको विषयमा सकारात्मक बुझाइ सिर्जना भएको, स्वस्यहारका विधिहरु व्यवहारिक जीवनमा लागू गरिएको र मनोविमर्शकर्तासँग सेवा लिने सदस्यहरुको संख्यामा अभिवृद्धि भएको छ । |
| ४. | एच्आइभी एड्स र यौनरोग सम्बन्धि | एच्आईभी एड्स र यसबाट सुरक्षित रहने विषयमा जानकारी गराउँदै चेक जाँचमा सहभागी हुने | २०७१/४/२ | महिला मञ्च नेपाल तथा स्पर्श नेपाल | " | १२ जना | आफू स्वस्थ्य रहने र अरुलाई पनि जनचेतना फैलाउन सक्ने क्षमता विकास भएको छ । |
| ५. | श्रम अधिकार सम्बन्धि | श्रमिकहरुलाई आफनो अधिकारको जानकारी गरी आफुमाथी भएको अन्यायको बारेमा जानकारी गर्ने | २०७१/४/७ | महिला मञ्च नेपाल | " | २६ जना | श्रम अधिकारको बारेमा जानकारी भए पछि आफनो कार्यक्षेत्रमा अधिकारको माग राख्ने र अरुलाई पनि जानकारी गराउने, आफु हिंसामा भएको थाहा भएको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | घरेलु हिंसा सम्बन्धि | घरेलु हिंसाबाट बाहिर निस्किन महिलाहरुलाई आर्थिक, सामाजिक विभेदले कसरी रोकेको छ, विशेष गरी यस क्षेत्रमा काम गर्दा श्रमिक महिलाहरुमाथि कस्ता किसिमका घरेलु हिंसा हुन्छ भन्ने विषयमा छलफल गर्ने र घरेलु हिंसा विरुद्ध सामुहिक रुपमा पैरवी गर्नु पर्ने विषयमा सचेतना सिर्जना गर्ने | २०७१/४/८ | ” | क्रियाशिल महिला संघ कार्यालय, गोंगबु | २५ जना | महिलामाथि हुने घरेलु हिंसाको कारण अर्न्तगत आर्थिक श्रोत साधन र शक्तिमा महिलाको पहूँच नहुनु, पितृसत्तात्मक समाजको पुरुषमुखी शक्ति संरचनाले गर्दा महिलाहरुमाथि घरेलु हिंसा भइरहेको छ र यस विरुद्ध नीतिगत परिवर्तन ल्याउन सामूहिक रुपमा पैरवी गर्न परिवर्तन आफैंबाट सुरुवात गर्नुपर्छ भन्ने निश्कर्ष निकालिकएको थियो । |
| ७ | मनव बेचविखन तथा ओसारपोसार सम्बन्धि | बेचबिखन भनेको के हो कसरी हुन सक्छ, यसबाट कसरी बच्ने भन्ने विषयमा जनाकारी सिर्जना गर्ने | २०७१/४/१३ | महिला मञ्च नेपाल | महिला मञ्च नेपाल तालिम हल | २४ जना | मनव बेचविखनको विरुद्ध सुरक्षित रहन चेतना अभिवृद्धि भएको, बेचविखन भएमा वा भएको थाह भएमा कानुनी व्यवस्थाको बारेमा जानकारी भएको र बेचबिखनबाट बच्नलाई अरुलाई सचेत गराउन थालेको पाइएको छ । |
| ८ | नगरिकता र विवाह सम्बन्धि अधिकार | नगरिकताको आवश्यकता, किसिम र प्राप्त गर्न गरिका, विवाह प्रमाणित गर्न आवश्यक कागजातको विषयमा चेतना अभिवृद्धि गर्ने, हाल श्रमिक महिलाहरुले भोगीरहेको नागरिकता सम्बन्धि विभेद तथा समस्याका विषयमा छलफल गर्ने | २०७१/४/१४ | महिला मञ्च र सेर्लड संस्था | ” | २५ जना | नगरिकताको आवश्यकता, पहिचान नहुँदा पर्ने अप्ठ् याराहरु साथै नागरिकता प्राप्त गर्न आवश्यक काजगातहरुको विषयमा जानकारी भएको थियो र विवाह गरी सकेपछि आफू र सन्तान भविष्यका लागि विवाह दर्ता हुनु पर्ने नगराएमा सम्बन्धित निकायमा जाने प्रक्रियाबारे जानकारी भएको थियो । |
| ९. | महिला मञ्चबाट प्रकाशित सूचना पत्र | महिला मञ्चको सूचना पत्र प्रभावकारी रुपमा वितरण गर्न क्षमता विकासका लागि | ४ अगष्ट २०१४<br>२०७१/४/१९ | मीहला मञ्च | ” | ९ जना | सूचना पत्र र सोमा उल्लेखित विवरण र वितरण गर्ने प्रक्रियाका बारेमा स्पष्टता सिर्जना भएको थियो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | घरेलु हिंसा | समुदाय अनुरुप महिलामाथि हुने घरेलु हिंसाको अवस्थाको विषयमा छलफल गर्दै न्यायको प्रक्रियाको अवस्था र हाल भएको कानुनी प्रवाधानको बारेमा जानकारी गराउने | २०७१/४/२० | महिला मञ्च नेपाल | चेतना महिला विद्यालय | ३२ जना | समुदाय अनुरुप महिलामाथि हुने घरेलु हिंसाको स्वरुप फरक फरक किसिमको रहेको र हिंसाको घटना बाहिर ल्याउनबाट रोक्ने तत्वहरुमध्ये महिलाले सहेर बस्नुपर्छ भन्ने सामाजिक मान्यता, आर्थिक पहूँच नभएको, सम्बन्धित निकाय बारे जानकारी नभएको विषयमा छलफल गर्दै हिंसा सहनु हुन्न यसमा महिलाहरु अगाडी बढनु पर्छ भन्ने बुझाइ भएको थियो । |
| ११ | लैंगिङ्ग विभेद र पितृसत्ता विषयक अभिमूखीकरण | लैंगिङ्ग हिंसा र भेदभावमा परिवार समाजको भुमिका, यसले श्रमिक महिलालाई कस्तो असर पुऱ्याएको छ र महिलाको गतिशिलतामा कसरी प्रभाव पारेको छ भन्नेमा छलफलबाट प्रकाश पार्ने | २०७१/४/२२ | " | महिला मञ्च तालिम हल | ३० जना | लैंगिङ्ग विभेदका कारण आफ्नो रोजगारी रोज्न पाउने, स्वतन्त्र रुपमा हिड्डुलको अधिकार हनन् भएको स्पष्ट भएको र सहभागीबाट आफू विभेदमा परेता पनि अबका दिनमा यस्ता विभेदका विरुद्ध आफू सक्रिय रहने बताइएको थियो । |
| १२ | घरेलु हिंसा सम्बन्धि अभिमुखिकरण | महिला हिंसा तथा घरेलु हिंसा बारे जानकारी गराउने र तराई क्षेत्रका महिलाहरुको अवस्था बारे छलफल गर्ने | ०७१/४/२४ | हरिवन,सर्लाही | आमा समुह हरिवन | २६ जना | महिला हिंसाको बारेमा जानकारी हुनुका साथै आफूमाथि पनि हिंसा भएको, त्यसको विरुद्ध र दाईजोको कारण झन बढि हिंसा भएकोले त्यसलाई हटाउन सबै लाग्ने सहभागीहरुबाट बताइएको थियो । |
| १३ | विवाह र सम्पत्तिको अधिकार सम्बन्धि अभिमुखिकरण | विवाह र सम्पत्तिको अधिकारका विषयमा कानूनी प्रावधानहरु, प्रक्रियागत प्रावधानहरु र न्यायिक प्रावधानहरुका विषयमा चेतना अभिवृद्धि गर्न सहजीकरण गर्ने | २०७१/४/३० | महिला मञ्च सेर्लड संस्था | महिला मञ्च | ३६ जना | कानूनी रुपमा विवाह दर्ता कसरी गर्ने र कसरी गर्दा आफू र बच्चालाई राम्रो हुन्छ, साथै विवाह गर्दा अंश सम्बन्धि अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विषयमा कानुनी जानकारी प्राप्त भएको थियो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | माहिला हिंसा सम्बन्धि अभिमुखिकरण | महिला हिंसा, यसको प्रकार र अर्न्तनिहित कारणहरु र यसलाई न्यूनिकरण गर्न के गर्न सकिन्छ भन्ने विषयमा सामूहिक रुपमा जानकारी प्रदान तथा छलफल गर्ने | २०७१/५/२ | महिला मञ्च | " | २१ जना | हिंसा कति किसिमको हुन्छ कस्तो हिंसा कुन निकाय जाने कति दिन भित्रमा उजुरी गर्ने भन्ने जानकारी प्राप्त भएको थियो । |
| १५ | घरेलु हिंसा सम्बन्धि अभिमुखिकरण | घरेलु हिंसा भनेको के हो, पितृसत्ता, घरेलु हिंसा र महिला हिंसाबीचको सम्बन्ध, घरेलु हिंसाको उजुरी निकाय कुन कुन हुन् र कस्तो खाले सजायको व्यवस्थाहरु छन् भन्ने विषयमा स्पष्टता सिंर्जना गर्ने | २०७१/५/३ | " | " | ३५ जना | घरेलु हिंसा विरुद्ध जागरुकता सिंर्जना भएको छ तथा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत रहेकै कारण श्रमिक महिलाहरुले भोग्नु परेका घरेलु हिंसाका विभिन्न स्वरुप र यसका विरुद्ध सचेनता सिंर्जना भएको थियो । |
| १६ | घरेलु हिंसा सम्बन्धि अभिमुखिकरण | महिला हिंसा तथा घरेलु हिंसा, हिंसा भएमा उजुरीको निकाय तथा कानूनी प्रावधान बारेमा चेतना अभिवृद्धि गर्ने र अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको बारेमा बुझाइ सिंर्जना गर्ने | २०७१/५/१५ | मझुवा, तुलसीपुर, दाङ्ग | महिला बचत समुह कार्यालय | ३२ जना | मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरुको मुद्दाको बारेमा बुझेको र घरेलु हिंसा भएको महिलालाई सहयोगको वातावरण सिंर्जना भएको थियो । हिंसाको बारेमा थाहा पाई न्यायिक निकायमा जाने जागरुकता अभिवृद्धि भएको । |
| १७ | घरेलु हिंसा सम्बन्धि अभिमुखिकरण | महिला हिंसा तथा घरेलु हिंसा, हिंसा भएमा उजुरीको निकाय तथा कानूनी प्रावधान बारेमा चेतना अभिवृद्धि गर्ने र अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको बारेमा बुझाइ सिंर्जना गर्ने | २०७१/५/१५ | रानागाँउ, तुलसीपुर, दाङ्ग | महिला समुह कार्यालय | २६ जना | महिला हिंसाको बारेमा बुझि घरेलु हिंसा गर्ने व्यक्तिलाई सजायको व्यवस्था भएको, बहुविवाह गर्ने व्यक्तिको विरुद्ध पनि न्यायिक प्रक्रियाबारे थाहा भएको थियो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | विद्युतीय कारोबार अपराध सम्बन्धि अभिमुखिकरण | विद्युतीय अपराधको परिभाषा, स्वरुपहरु र उजुरी गर्ने कानुनी प्रावधानका बारेमा जानकारी तथा सचेत गराउने | २०७१/६/७ | महिला मञ्च नेपाल | महिला मञ्च हल | ३१ जना | दैनिक जीवनमा प्रयोग गरिने सामाजिक सञ्जाल तथा मोवाइलमा सन्देश, फोनबाट हुने विद्युतीय अपराध र उजुरी प्रक्रियाको विषयमा सचेतना भएको र विभिन्न घटनाहरु आदान प्रदान भएको थियो । |
| १९ | पितृसत्ता र लैङ्गिक विभेदको विषयमा अभिमुखिकरण तथा महिलावादी प्रतिभा मञ्च सञ्चालन | मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुमाझ पितृसता र लैङ्गिक विभेदको बारेमा छलफलबाट जानकरी गराउने र महिलाहरुको विभिन्न प्रतिभा प्रस्तुत गर्न स्थान सिर्जना गरी प्रोत्साहन गर्ने | २०७१/६/८ | महिला मञ्च नेपाल | महिला मञ्च हल | ३२ जना | महिलाको अधिकार र स्वतन्त्रतामाथि पितृसतात्मक सामाजिक संरचना र लैङ्गिक विभेदको कारणले रोक लगाइएको विषयमा बुझाइ भएको, र विभिन्न प्रतिभाहरु प्रस्तुत गर्दा एक अर्कामा प्रोत्साहन र आत्मविश्वासमा अभिवृद्धि भएको थियो । महिलाहरुको सीपको पहिचान भएको थियो । |
| २० | मानव बेचविखन तथा ओसार पसार सम्बन्धि अभिमुखिकरण | मानव बेचविखनको परिभाष, स्वरुपहरु र यसबाट बच्नका लागि आफूमा हुनु पर्ने जागरुकता तथा नेपालको वर्तमान कानुनको बारेमा जानकारी गराउने | २०७१/६/१० | महिला मञ्च नेपाल | महिला मञ्च हल | २९ जना | मानव बेचविखनबाट बच्ने र हुन लागेको अवस्थामा सहयोग लिन प्रक्रिया तथा कानूनको बारेमा थाहा भएको र जनचेतनाको लागि सूचना दिने क्षमता अभिवृद्धि भएको थियो । |
| २१ | यौन तथा प्रजनन स्वास्थ्य अधिकार | मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुमाझ यौन रोग तथा प्रजनन स्वास्थ्य तथा अधिकारबारे जानकारी गराउने | २०७१/७/४ | महिला मञ्च नेपाल | महिला मञ्च हल | २० जना | महिला स्वास्थ्य सम्बन्धि जानकारी भई स्वास्थ्य जाँच गर्न सकरात्मक रुपमा उत्साहित भएको अवस्था । |
| २२ | श्रमजीवी महिलाप्रति डान्सबार, डान्स रेस्टुरेण्ट जस्ता कार्यस्थलमा हुने निर्देशिका २०६५ को विषयमा | मनोरञ्जन क्षेत्रको लागी रहेको कानुनी व्यवस्था, तथा निर्देशिकाले सम्पूर्ण मुद्दाहरुलाई समेट्न सक्छ कि सक्दैन भन्ने विषयमा अध्ययन तथा सामूहिक महिलावादी विश्लेषण गर्ने, अब कस्तो कानूनको आवश्यकता पर्छ भन्नेमा छलफल गर्ने | २०७१/७/१३ | महिला मञ्च नेपाल | महिला मञ्च हल | १५ जना | महिला मञ्च नेपालको कार्यसमिति र कर्मचारीले मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाको मानव तथा श्रम अधिकार सुनिश्चित गर्नका लागि निर्देशिका मात्र पर्याप्त नभएकोले नयाँ महिलामूखी कानूनी व्यवस्था गरिनु पर्ने अत्यावश्यकता विश्लेषण गरिएको थियो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | श्रम अधिकार सम्बन्धि अभिमुखिकरण | श्रमिक भएपछि श्रमिक ले पाउने विभिन्न अधिकारको बारेमा जानकारी प्रदान गर्ने | २०७१/७/१४ | महिला मञ्च नेपाल | महिला मञ्च हल | २८ जना | श्रम अधिकारको बारेमा थाहा भएपछि कार्यक्षेत्रमा आफनो अधिकारको बारेमा बोल्न सक्ने क्षमता अभिवृद्धि भएको छ। |
| २४ | मनोविमर्श सम्बन्धि अभिमुखिकरण | मनोविमर्श र दैनिक जीवनमा आइपर्ने समस्यालाई कम गर्न मनोविमर्शको भूमिकाको विषयमा जानकारी गराउने। | २०७१/७/२६ | महिला मञ्च नेपाल | महिला मञ्च हल | २९ जना | दैनिक जीवनामा तनाव कम गर्न मनोविमर्शको महत्वको विषयमा बुझाई सिर्जना भई मनोविमर्शकर्तालाई भट्न प्रोत्साहन भएको पाइएको छ। |
| २५ | मानव अधिकार सम्बन्धि अभिमुखिकरण | मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलालाई मानव अधिकारको विषमा जानकारी गराउने | २०७१/८/२ | महिला मञ्च नेपाल | महिला मञ्च हल | २५ जना | सम्पूर्ण मानवको मानव अधिकार सुनिश्चित हुनु पर्ने भएतापनि यस क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको मानव अधिकार सुनिश्चित नभएकाले यसबारे बुझेर आफ्नो अधिकार लिनको लागि एकजुट हुने अभिव्यक्ति व्यक्त भएको थियो। |
| २६ | मनोसामाजिक सेवा सम्बन्धि | लैंगिक विभेद विरुद्धको १६ दिनको अवसरमा विभिन्न सामाजिक विभेद, समस्या तथा चूनौतिहरुका कारण महिलाहरुमा उत्पन्न भएको मनोसामाजिक तनावबाट मुक्त बनाउने मनोसामाजिक सेवा सम्बन्धि जानकारी प्रदान गर्ने | २०७१/८/२२ | महिला मञ्च नेपाल | महिला मञ्च हल | १७ जना | लैंगिक विभेद र मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुले भोगीरहेको मनोसामाजिक समस्याको एक अर्कोमा सम्बन्ध रहेको र यसलाई कम गरी श्रमिक महिलाहरुको आत्मबल कायम राख्न मनोसामाजिक परामर्श तथा सेवाको सकारात्मक भुमिकाको विषयमा स्पष्टता सिर्जना भएको थियो र मनोविमर्शकर्ताहरुसँग सरल सम्बन्ध बिस्तार भएको थियो। |
| २७ | लैङ्गिक विभेद सम्बन्धि | लिङ्गको आधारमा गरिने विभेदको बारेमा जानकारी तथा छलफल गर्ने | २०७१/१०/२९ | ” | ” | २५ जना | लिङ्गको आधारमा समाजले दिएको कामको विभाजन तथा महिलामाथि भएको विभेदका कारणहरुका विषयमा व्यवहारिक अवधारणगत स्पष्टता सिर्जना भएको थियो। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | स्थानागमन तथा वैदेशिक रोजगार | स्थानागमन र वैदेशिक रोजगारीको परिभाष तथा यससँग सम्बन्धित निति नियमहरु को बारेमा जानकारी गराउने, सुरक्षित स्थानागमनलाई मात्र प्रोत्साहन गर्ने | २०७१/११/५ | " | " | ३० जना | मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुसँग सम्बन्धित भएर महिलाको स्वतन्त्र हिँड्डुलको अधिकारको विषयमा छलफल गरी वैदेशिक रोजगारीमा जानुपूर्वको तयारि तथा सोसँग सम्बन्धित निति नियमको विषयमा चेतना अभिवृद्धि भएको थियो । |
| २९ | उद्घोषण सम्बन्धि अभिमुखरण | अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको आफ्नो सवाललाई उठान गर्नका लागि उद्घोषण को महत्व उजागर गर्दै प्रभावकारी उद्घोण सीपको विकास गर्ने | ०७१/११/२० | " | " | ९ जना | श्रमिक महिलाहरुको आफ्नै प्रायासले हरेक शुक्रबार आफ् नो प्रतिभा प्रस्तुति तथा उद्घोषण तालिम मार्फत आत्मविश्वास अभिवृद्धि भएको छ । |
| ३० | मनव बेचविखन सम्बन्धि अभिमुखिकरण | मानव बेचविखन र तस्करीको विषयमा जानकारी गराउने साथै मानव बेचविखन र जस्तो सुकै हिंसा भोग्नु परेपनि विचलित नभई एकजुट भएर महिलाहरुले बलियो भई परिवर्तनको सम्वाहक बन्न सक्छन् भन्ने सकारात्मक सन्देश प्रस्तुत गर्ने | २०७१/११/२८ | " | " | २६ जना | सहजकर्ताले आफ्नो जीवनीबाट आफु कसरी बेचिएको थिउँ, बेचिएको महिलालाई समाजमा गरिने नकारात्मक व्यवहार प्रस्तुत गर्दै आफूहरुले हिम्मत नहारी शक्ति समूह संस्था स्थापना गरेर मानव बेचविखन विरुद्ध निरन्तर लडाइ जारी राखेको कुराहरु व्यक्त गर्दा सहभागीहरुमा हौसला बढ् को थियो र यस्ता घटनाहरु अरुमाथि हुन नदिन पनि पहल गरिने सहभागीहरुबाट बताइएको थियो । |
| ३१ | यौन तथा प्रजनन अधिकार विषयक अभिमुखिकरण | महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारमा श्रमिक महिलाहरुलाई सचेत साथै आफनो अधिकार को जानकारी प्रदान गर्ने | २०७१/११/१० | महिला नेपाल मञ्च | इटहर ी,सुन्सरी | २९ जना | यौन तथा स्वास्थ्य अधिकारमा सचेतना अभिवृद्धि भएको । |

टेबल नम्बर २: अभिमूखीकरण कार्यक्रमहरुको विवरण

### २.१.३. साथी शिक्षक कार्यक्रम

विभिन्न अभिमूखीकरण तथा क्षमता विकास तालिमहरुमा सहभागी भइसकेपछि आफूले सिकेको कुराहरुलाई साथी तथा सहकर्मीहरुमाझ गएर भन्न र बुझाउन सक्ने क्षमता अभिवृद्धिको अझै खाँचो भएको कुरा महिलाको निम्ति महिला मञ्च नेपालका सक्रिय सदस्यहरुमार्फत पहिचान भइसकेपछि सदस्यहरुको साथी शिक्षण क्षमता अभिवृद्धि गर्ने, कार्यक्षेत्रमा सूचना प्रवाहमा विस्तार गर्ने तथा श्रमिक महिलाहरुमा चेतना अभिवृद्धि, समस्या पहिचान, सुमधुर सम्बन्ध स्थापना तथा एकिकरणका लागि ५ दिने साथी शिक्षक तालिम संचालन गरी कार्यक्षेत्रमा साथी शिक्षक परिचालन कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रम अर्न्तगत ९ जना महिला मञ्च नेपाल सदस्य तथा सांस्कृतिक अभियान सदस्यहरुले स्वयंसेवी भावनाका साथ परिवर्तनका संवाहकः साथी शिक्षकका रुपमा जनावरी २०१५ देखि जुन २०१५ सम्म परिचालित हुनु भएको थियो ।

साथी शिक्षकहरुले यस संस्था तथा संस्थाका कार्यक्रम र सेवाहरुसँग सँगै संस्थामा आइ सहभागी हुन, श्रमिक महिलाहरुका लागि उपयोगी श्रम अधिकार, महिला अधिकार, मानव अधिकार, स्वास्थ तथा स्वस्याहार, मनोविमर्श सम्बन्धि जानकारी, शिक्षा, सुरक्षित वैदेशिक रोजगारी तथा सुरक्षित स्थानागमन, मानव बेचविखनको जोखिम जस्ता विषयहरुसँग सम्बन्धित सूचनाहरु प्रवाह गरेका थिए । सूचना पत्र पनि दिइएको थियो । हिंसाका घटनाहरु हुँदा संस्थामा सिफारीस गरिएको थियो साथै कार्यस्थल तथा समाजमा श्रमिक महिलाहरुले भोगिरहेको १७ वटा हिंसाका घटनाहरु अभिलेख गरिएको थियो । जस अर्न्तगत पहिचान गरिएका समस्या तथा चूनौतिहरु यस प्रकार रहेका छन्:

- समयमा तलब नदिइएको,
- अति न्यून तलबमा काम गर्नु पर्ने बाध्यता,
- तलब नदिइएको,
- ग्राहक तथा सहकर्मीहरुबाट यौन शोषण भएको,
- व्यवसाय साहू तथा संचालकबाट भइको मानसिक हिंसा,



- आर्थिक समस्याहरु,
- कार्यस्थलबाट बिना कारण निकालिने,
- कार्यस्थलमा हावा आवत जावत हुने व्यवस्था नहुनाले चूरोट, हुक्काको धूँवाले स्वास्थ्यमा परेको असर तथा समस्याहरु,
- ग्राहकले कुनै सामाग्री फुटाउँदा श्रमिक महिलाको तलबबाट काटिने, थोरै समय कार्यस्थलमा पुग्दा पनि ढिला हुनाले पुरै दिनको तलब काटिने, र
- भूकम्पको असरले गर्दा रोजगारी गुमेकाले अन्य स्थानमा स्थानागमन गरी काम गर्दाको अनुभवहरु रहेको छन् ।

सूचना दिइएको श्रमिक महिला संख्याः ६३ जना

कार्यस्थलको संख्याः ३२ वटा (२८ वटा दोहोरी साँझ, ३ डान्स रेष्टुरेण्ट तथा १ खुला रेस्टुरेण्ट)

साथी शिक्षक बैठक

साथी शिक्षणका क्रममा आएका विभिन्न समस्या, चूनौतिहरु तथा उपलब्धि र सिकाईहरुका विषयमा छलफल गर्नका लागि साथी शिक्षक तथा संस्थाका कर्मचारीहरु बीच नियमित रुपमा मासिक बस्ने गरिएको थियो । २०७२ वैशाष १२ गतेको महाविनाशकारी भूकम्प पश्चात श्रमिक महिलाहरुको अवस्था तथा आवस्यकता पहिचान गर्न साथै पुर्ननिर्माण तथा मुस्कान अभियानमा पनि साथी शिक्षकहरुको सक्रिय सहभागीता रहेको थियो ।

साथी शिक्षक बैठक संख्याः २ वटा
सहभागी संख्याः २९ गते

सिकाई तथा सुझावहरु

- साथी शिक्षकहरु मार्फत सूचना प्रवाह गर्दा साथी शिक्षकहरुमा आत्मबल वृद्धि भइ क्षमता अभिवृद्धि भएको छ ।
- यस कार्यक्रमलाई अझ प्रभावकारी तथा दिगो रुपमा अगाडि बढाउदा पैरवीको मुद्दाहरु पहिचान गर्न प्रभावकारी हुने पाइएको छ ।

### २.१.४. वृत्तचित्र तथा चलचित्र प्रर्दशनी कार्यक्रम

विभिन्न अडियो, भिडियोहरुको प्रयोगबाट छोटो समयमा विभिन्न सामाजिक सरोकारको विषयमा चेतना अभिवृद्धि हुने र सामुहिक रुपमा वृत्तचित्र, चलचित्र अवलोकन गर्दा श्रमिक महिलाहरुबीच मैत्रीपूर्ण वातावरण सिर्जना हुने, मानसिक रुपमा ताजा हुने र चलचित्रको महिलावादी विश्लेषण गर्ने क्षमता पनि अभिवृद्धि हुने भएकाले सोलाई चेतना अभिवृद्धिको माध्ययमका रुपमा प्रयोग गर्दै यस वर्ष पाँच वटा वृत्तचित्र प्रर्दशनी कार्यक्रम आयोजना गरिएको थियो ।

जस अर्न्तगत, सहभागी संख्या जम्माः ७८ जना



**विवरण:**

| क्र.सं. | वृत्तचित्र/ चलचित्रको नाम | उद्देश्य | मिति | स्थान | सहभागी संख्या | उपलब्धि |
|---|---|---|---|---|---|---|
| १. | नेपाली चलचित्र ‘ बलिदान’ | विभिन्न सन्देशमूलक घटनामा आधारित फिल्महरु हेरेपछि त्यस विषयलाई विश्लेषण गरि सकरात्मक परिवर्तन साथै केहि सिक्ने मौका मिल्ने र आनन्द महसुस होस् भन्ने । | २०७१/४/२ | महिला मञ्च को हल | ११ जना | ऐतिहासिक घटना तथा जनआन्दोलनमा आधारित नेपाली समाजको परिवेश तथा समाजमा भएका गतिविधिहरुलाई समेटेर बनाइएको चलचित्र हेर्दा सहभागीहरुलाई सपना जस्तै लागेको र देशको लागी सँगसँगै महिला सशक्तिकरणकालाई पनि सहयोग पुऱ्याएको बुझाई भएको थियो । |
| २. | हिन्दी कथानक चलचित्र ‘मर्दानी’ | महिला सशक्तिकरणमा आधारित फिल्मले आत्मविश्वास बढाउनका लागि । | २०७१/५/१८ | ” | २० जना | समाजमा महिलाले केहि गर्न सक्दैनन् भन्ने गलत धारणा अझै विद्यमान रहेको छ । यसै सोचलाई परिवर्तन गर्ने कथा बस्तु भएको चलचित्रले आत्मबल बढेको र फिल्मबाट धैरै कुराहरु सिकेको सहभागीहरुबाट बताइएको थियो । |
| ३. | हिन्दी कथानक चलचित्र ‘मेरिकोम’ | महिला खेलाडीले जीवनमा भोग्नु परेका तीता मीठा घटना तथा संघष गर्दै अगाडि बढ्दा आउने चुनौतीहरुलाई चलचित्र मार्फत विश्लेषण गर्ने र त्यसलाई समाधान गर्न सिकाई होस् भन्ने । | २०७१/७/२१ | ” | २० जना | मनोरञ्जन क्षेत्र मात्र नभई महिलालाई गरिने व्यवहार दक्षिण एसियाली मूलुकको परिवेशमा उस्तै रहेको र महिलाले विवाह गरेपछि केहि गर्न नसक्ने, गर्न नहुने भन्ने पितृसत्तात्मक मासिकता हरेक ठाउँमा भएको बुझाई भएको र सोलाई पार गर्न संघर्ष गर्नु पर्ने, हार मान्न नहुने सिकाई भएको थियो । |
| ४ | हिन्दी कथानक चलचित्र ‘हाईवे’ | महिला हिंसा तथा मनोरञ्जनात्मक तथा सन्देशमूलक फरक विषयमा चलचित्र हेर्दा मनोरञ्जन साथै सिकाइ होस् भन्ने । | २६ डिसेम्बर २०१४ | ” | १३ जना | चलचित्र हेरेपछि सहभागीहरुबाट असुरक्षा घरबाहिर मात्र नभई घरभित्र पनि हुने रहेछ, सानै उमेरदेखि बालिकामाथि हुने यौनजन्य हिंसा र यस विरुद्ध आवाज उठाउँदा पनि परिवार, समाजले महिलालाई सहयोग नगर्ने हुनाले यसले एक महिलाको व्यक्तित्व विकासमा पर्ने असर, हिंसाको विरुद्ध आवाज उठाउनु पर्छ र हिंसा प्रभावित महिला, किशोरी, बालिकाको हकका लागि आफूले सहयोग गर्नु पर्छ, आवाज उठाउनु पर्छ भन्ने सिकाई भएको थियो । |
| ५ | स्वास्थ्यमा आधारित चेतनामूलक भिडियो | नेपाली महिलाहरुमा भएको स्वास्थ्य समस्याको विषयमा चेतना अभिवृद्धि गर्ने | २०७१/१०/६ | ” | १४ जना | नेपाली समाजमा महिलाको स्वास्थ्य सम्बन्धि जनचेतनाको कमी र अन्धविश्वासले गर्दा धेरै समस्याहरु भएको र समस्याका लागि महिलालाई नै दोषी देखाइने प्रवृत्ति रहेको बुझाई भएको थियो । |

टेबल नम्बर ३: वृत्तचित्र तथा चलचित्र प्रदर्शनी कार्यक्रमको विवरण

## २.२. क्षमता विकास कार्यक्रम

श्रमिक महिलाहरु, महिला मञ्च नेपाल सदस्यहरुको विभिन्न विषयमा क्षमता अभिवृद्धिका लागि सहजीकरण गर्ने उद्देश्यले यस वर्ष विभिन्न विषयमा १० वटा तालिमहरु संचालन गरिएको छ । जसमा जम्मा सहभागी संख्या १९० रहेको छ । श्रमिक महिला तथा सदस्यहरुको आवश्यकता तथा माग अनुरुप तालिमका विषयहरु चयन गरिएका छन् । यस वर्ष श्रमिक महिलाहरुको शारीरिक ताथ मानसिक सुरक्षाको प्रवर्द्धनका लागि दुईवटा नयाँ तालिमको विषय वस्तुलाई समावेश गरिएको छ, जसमा डान्स मूभ्मेन्ट थेरापी तालिम तथा आत्मरक्षा तालिम रहेका छन् भने वातावरणमैत्री तथा स्थानीय श्रोतको प्रयोग र रजस्वलाको समयमा महिला स्वास्थलाई प्रवर्द्धन गर्नका लागि विभिन्न समयमा वतावरणमैत्री सेनेटरी न्याप्किन बनाउने तालिम पनि संचालन गरिएको थियो ।






विधिहरु:

विभिन्न क्षमता अभिवृद्धि तालिमहरुमा विषयवस्तु अनुरुप सिर्जनात्मक, सहभागीतामूलक तथा दोहोरो छलफल, अनुभव आदानप्रदान र समूह छलफललाई प्रोत्साहन गर्ने विधिहरुको प्रयोग गरिएको थियो ।

### २.२.१. क्षमता विकास तालिमहरुको विवरण

| क्र.सं. | तालिमको विषय | उद्देश्य | मिति | आयोजक | स्थान | सहभागी संख्या | उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| १. | वातावरणमैत्री सेनेटरीन्याप्किन बनाउने तालिम | श्रमिक महिलाहरुलाई वातावरणमैत्री वैकल्पिक स्यानिटरी न्याप्किनका बारेमा जानकरी दिने र सो तयार गर्न प्राविधिक सीप विकास गर्ने, आफ्नो लागि आफैंले सामान उत्पादन र बजारीकरणको लागि उत्प्रेरणा सिर्जना गर्ने, वातावरणमैत्री सन्देश प्रवाह गर्ने । | २०७१/४/१५ र २०७१/४/१६ | महिलाको निम्ति महिला मञ्च नेपाल | महिला मञ्च हल | १५ जना | सहभागीहरुद्वारा तालिम पश्चात वैकल्पिक स्यानिटरी न्याप्किन स्वउत्पादन गरी प्रयोग गरिएको र व्यापारिक रुपमा बिक्रि गरी केही आर्थिक उपार्जन पनि गरिएको थियो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | नेतृत्व तथा संस्थागत विकास सम्बन्धि तालिम | संस्थालाई अगाडी बढाउन कार्यसमिति सदस्य, कर्मचारी तथा सक्रिय सदस्यहरुमा संस्थागत विकास तथा नेतृत्व सीपको वृद्धि गर्ने । | २०७१/५/२५ र २०७१/५/२६ | " | " | १४ जना | सहभागीहरुमा संस्थाको इतिहासको बारेमा स्पष्टता र्सिजना भएको, सहभागीहरुमाझ मैत्रीपूर्ण सामुहिक भावना विकास भएको थियो साथै संस्थागत रणनैतिक योजना तयार पार्नका लागि अवधारणगत र व्यवहारिक सिकाई भएको थियो । |
| ३. | महिला विरुद्ध हुने घरेलु हिंसा विरुद्ध मानव अधिकार हनन् मुल्याङ्कन सामाग्रीः 'डोभा' सम्बन्धि तालिम | महिलावादी रुपमा अनुसन्धान र पैरवीका लागि डोभा सामाग्रीको प्रयोग गर्नका लागि जानकारी तथा क्षमता विकास गर्ने, साथै, अनौपचारिक तथा<br><br>मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको सवालमा महिलावादी सोचबाट काम गर्नेका लागि विभिन्न संघ, संस्थाहरुमा अवधारणागत स्पष्टता र्सिजना गर्ने | २०७१ भाद्र २५, २६, २७ गते | महिलाको निम्ति महिला मञ्च नेपाल | महिला मञ्च नेपाल हल | ३४ जना | डोभा सामाग्रीको बारेमा विभिन्न संघ, संस्था प्रतिनिधिहरुमा जानकारी अभिवृद्धि भएको, कानूनको महिलावादी विश्लेषण र पैरवीको चरणगत प्रक्रियाबारे क्षमता अभिवृद्धि भएको, विभिन्न संघ, संस्थाहरुसँग समन्वयमा अभिवृद्धि भइ सम्बन्ध विस्तार भएको थियो । |
| ४. | महिलावादी अवधारणागत स्पष्टता सम्बन्धि तालिम | संस्थाका कार्यसमिति सदस्य, कर्मचारी तथा सक्रिय सदस्यहरुमा महिलावादी सोचको बारेमा बुझ्न र यसलाई सम्मान गर्ने क्षमता विकास गर्दै अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको मुद्दाहरुमा महिलावादी सोचबाट बुझ्ने र विश्लेषण गर्न सक्ने क्षमता विकास गर्ने | २०७१/६/२, ३ र ४ गते सम्म | महिलाको निम्ति महिला मञ्च नेपाल | महिला मञ्च नेपाल हल | २० जना | अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको मुद्दाहरुमा महिलावादी दृष्टिकोणबाट गहन छलफल भई सहभागीहरुमाझ ऐक्यबद्धता र्सिजना भएको थियो साथै महिलावादी सोचलाई व्यवहारिक परिवेशमा बुझ्ने र काम गर्दा अझ संवेदनशील रुपमा महिलावादी विश्लेषण गर्न थालिएको छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | साथी शिक्षक तालिम | अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको अधिकार सुनिश्चित गर्नका लागि विभिन्न विषयमा अवधारणागत स्पष्टता सिर्जना गर्ने र कार्यस्थलमा सहकर्मीहरुलाई साथी शिक्षकको माध्यमबाट सूचना प्रवाह गरी श्रमिक महिलाहरुलाई संगठित गर्ने वातावरण सिर्जना गर्न क्षमता अभिवृद्धि गर्ने | २०७१ माघ ९, १०, ११, १२ र १३ गते | महिलाको निम्ति महिला मञ्च नेपाल | महिला मञ्च नेपाल हल | २१ जना | सहभागीहरुमा महिला विरुद्ध हुने हिंसा, शोषणको विरुद्ध, महिला स्वास्थ्य अधिकारको विषयमा अवधारणगत स्पष्टता विकास भई आफूले जानेको कुरा साथी तथा सहकर्मीलाई सिकाउन सक्ने क्षमता विकास भएको छ र तालिम पश्चात ९ जना सहभागीहरुले साथी शिक्षकको रुपमा सक्रिय भूमिका निर्वाह गर्नु भएको छ। |
| ६ | डान्स मुभ्मेन्ट थेरापी (डिएम् टि) | डिएम्टिका बारेमा बुझाउने र शारीरिक आरामको सुरुवात गर्ने, तनाव तथा आघातबाट राहत महसुस गराउने, सामूहिक भावना र एकआपसमा सम्मानको वातावरण सिर्जना गर्ने, सहभागीहरुमा सिर्जनात्मकता र सिर्जनशील दृष्टिकोण विकास गर्दै, डिएम्टि प्रशिक्षकहरुको रुपमा क्षमता विकास गर्ने | १४ मार्च २०१५<br>२०७१/११/३०<br>देखि १०<br>दिन शनिबार आईतबार गरी | महिलाको निम्ति महिला मञ्च नेपाल | महिला मञ्च नेपाल हल | १५ जना | सहभागीहरुमा ताजगीको भावना, आत्मबलमा उल्लेख्य अभिवृद्धि भएको, सामूहिक रुपमा समन्वयमा अभिवृद्धि भएको, डिएम् टिको विषयमा सैद्धान्तिक र व्यवहारिक सीप, सिर्जनशील सोचको विकास भएको, प्रशिक्षार्थीहरुमा विभिन्न सेसन सहजीकरण गर्न सक्ने क्षमता अभिवृद्धि भएको र यस क्षेत्रमा श्रमिक महिलाहरुले भोग्नु परेका समस्याहरुलाई नाटकीय रुपमा प्रस्तुत गर्न सक्ने क्षमता विकास भएको थियो। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | आत्मरक्षा सम्बन्धि तालिम (दुई वटा) | विभिन्न यौनजन्य हिंसा तथा बलात्कार जस्ता अपराध हुनबाट बच्न, भइरहेको अवस्थामा आफूलाई बचाउने ज्ञान र सीपको विकास गर्दै श्रमिक महिलाहरुको सशक्तिकरणका लागि सहजीकरण गर्ने । | चैत २०७१, वैशाष २०७२ | महिला मञ्च नेपाल | प्रिजम इन्स्टिट्युटको तालिम हल, बक्तिसपुतली | ३२ जना | सहभागीहरुमा जुझारुमानसिकता र आत्मबलको उल्लेख्य विकास भएको पाइएको छ र कार्यस्थल, सार्वजनिक यातायात र स्थानहरुमा हुने यौनजन्य हिंसा विरुद्ध मौन र सक्रिय प्रतिकार गरिएको बताइएको छ । सहभागीहरुबीचको सम्बन्ध विस्तार भएको छ । |
| ८ | महिलावादी दृष्टिकोणबाट कानुन सम्बन्धि तालिम | श्रमिक महिलाको अवस्था, समस्या र चूनौतिहरु र कानुनी व्यवस्था, कानुनी व्यवस्थामा भएका अन्तरहरु बारे जानकारी गराई महिलावादी सोचबाट कानूनको विश्लेषण गर्ने क्षमता र श्रमिक महिला विरुद्ध हुने हिंसाका घटनाहरु विरुद्ध न्यायिक प्रक्रियामा जान सहभागीहरुको क्षमता अभिवृद्धि गर्ने | २१,२२,२३,२४ अप्रिल २०१५<br><br>२०७२ /१/८,९,१०,११ सम्म | महिलाको निम्ति महिला मञ्च नेपाल | वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर, काठमाण्डौं | २३ जना | सहभागीहरुमा महिलावादी सोचबाट कानूनको विश्लेषण गर्ने क्षमता अभिवृद्धि भएको छ । श्रम, वैदेशिक रोजगारी, मानव बेचविखन, महिला विरुद्ध हुने हिंसा, निर्देशिका २०६५ सम्बन्धि कानून र कानूनी संयन्त्रहरु, मानव बेचविखन विरुद्धको ऐन सम्बन्धि ज्ञानमा अभिवृद्धि भएको छ साथै ठाडो निवेदन, जाहेरी लेख्न सक्ने क्षमता विकास भएको छ । |
| ९ | वातावरणमैत्री सेनेटरीन्याप्किन बनाउने तालिम | महिलाको निम्ति महिला मञ्च नेपालका सदस्यहरुबाट भुकम्प प्रभावित महिला तथा किशोरीहरुका निम्ति वातावरण मैत्री स्यानिटरी न्याप्किन तयार गर्ने सीप विकास गर्ने | १० ,११मेई २०१५<br><br>२०७२/१/२६,२७ | महिलाको निम्ति महिला मञ्च नेपाल | महिलाको निम्ति महिला मञ्च नेपालको तालिम हल, गोंगबु | १६ जना | २०० वटा स्यानिटरी न्याप्किन तयार बनाइ वितरण गरिएको छ । श्रमिक महिलाहरुमा स्वयंसेवी भावना र एक अर्कामा सहयोग गर्ने भावनको विकास भएको छ । |

**टेबल नम्बर ४: क्षमता विकास तालिमहरुको विवरण**

### २.२.१. व्यवसायिक सीपमूलक तालिम



श्रमिक महिलाहरुले गरीरहेको काममा व्यवसायिक सीप अभिवृद्धि र कामको सम्मान, पहिचान स्थापित गर्ने साथै श्रमिक महिला तथा किशोरीहरुको आवश्यकता र इच्छामा आधारित भएर आर्थिक सशक्तिकरणका लागि वैकल्पिक व्यवसायिक सीप प्रवर्द्धन गर्ने उद्देश्यले महिलाको निम्ति महिला मञ्च नेपालले विभिन्न व्यवसायिक सीपमूलक तालिमहरु संचालन गर्दै आइरहेका छ । यस्तो तालिमहरुले श्रमिक महिलाहरु निरन्तर भेटघाट हुने, समन्वय, सहकार्य र सुमधुर सम्बन्ध विस्तार तथा अन्य सेवा प्राप्त गर्न तथा अन्य कार्यक्रमहरुमा सहभागी हुनका लागि पनि प्रभावकारी रहेका छन् । स्वास्थ्यका हिसाबले पनि लाभदायक नृत्य तथा संगीत तालिमहरु लिए पश्चात सीप तथा आत्मबलमा अभिवृद्धि भई महिला मञ्च साँस्कृतिक समूह मार्फत विभिन्न साँस्कृतिक कार्यक्रमहरुमा प्रस्तुति गर्ने साथै गीत, संगीत रचना गर्ने माध्यम पनि सिर्जना भएको छ ।



यस वर्ष संचालित व्यवसायिक सीपमूलक तालिमहरुको विवरण यस प्रकार रहेको छ,

| क्र.सं. | तालिमको नाम | मिति | अवधि | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | आधारभुत नृत्य तालिम | भदौ, असोज र कात्तिक २०७१ | ३ महिना | ३८ जना |
| २. | उन्नत नृत्य तालिम | माघ, फाल्गुन, चैत, वैशाष २०७१ | ३ महिना | २० जना |
| ३. | संगित तालिम | माघ, फाल्गुन, चैत, २०७१ | ३ महिना | २५ जना |
| | **जम्मा सहभागी संख्या** | | | **८३ जना** |

**टेबल नम्बर ५ः व्यवसायिक सीपमूलक तालिमहरुको विवरण**

## २.३. ड्रप इन सेन्टर संचालन अर्न्तगत सेवा तथा सहयोग

अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको कामलाई सामाजिक रुपमा तथा राज्यको तर्फबाट श्रमको पहिचान र मन्यता सुनिश्चित नगरिएको र समाजमा विद्यमान पितृसत्तात्मक सोचका कारण श्रमिक महिला, किशोरी तथा बालिकाहरुले आफ्नो समस्या तथा अनुभवहरु व्यक्त गर्ने स्थानको अभाव, आफ्नो कामको बारेमा खुलेर बोल्न हिच्किचाउनु पर्ने बाध्यतालाई संस्था स्थापनादेखि नै मध्यनजर गरी श्रमिकहरुले खुलेर आफ्ना समस्या चूनौतिहरु व्यक्त गर्न सक्ने, अनुभव आदानप्रदान गर्न सक्ने हिंसाका घटनाहरु जाहेर गर्ने, फुर्सदको समयमा जानकारीमूलक पुस्तकहरु पढ्ने, विभिन्न कार्यक्रमहरुमा सहभागी हुने, वृत्तचित्रहरु अवलोकन गर्ने साथै मैत्रीपूर्ण वातावरण सिर्जना गर्दै विभिन्न सेवाहरु लिने व्यवस्था गरिएको छ ।

खखड्रप-इन सेन्टरमा श्रमिक महिलाहरुमाथि भएका हिंसा तथा शोषणका घटनाहरु अभिलेख गर्ने र श्रमिक महिलाहरुको सूचना, न्याय र स्वास्थ्य सेवामा पहूँच अभिवृद्धि गर्न, सुरक्षा, सशक्तिकरण तथा एकिकरणका लागि पहल गरिन्छ ।



यस वर्ष ड्रप-इन सेन्टरमार्फत प्रदान गरिएको सेवाहरुको विवरण यस प्रकार रहेका छ ।

### २.३.१. मनोविमर्श सेवा

यस संस्थाले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिला, किशोरी तथा बालिकाहरुलाई भएको भावनात्मक समस्यालाई समाधान गर्न संस्था स्थापनाकालदेखि नै मनोविमर्श सेवालाई प्राथमिकतामा राखी मनोविमर्श सेवा उपलब्ध गराउँदै आएको छ । आवश्यकता अनुरुप हप्ताको एक वा दुई पटक विज्ञ मनोविमर्शकर्ताबाट मनोविमर्श सेवा प्रदान गर्दै आएको छ । मनोविमर्श व्यक्तिगत र सामूहिक रुपमा गर्ने गरिएको छ । यसले गर्दा महिलाहरुको दैनिक जीवन यापनमा सहज वातावरण सिर्जना गर्न मद्धत पुग्नुका साथै तनाव कम गर्न, कुनै पनि कुराको निर्णय लिन र विभिन्न कारणले मानसिक समस्यामा रहेका महिलाहरुलाई सकारात्मक सोच आइ समस्या कम गर्न सहयोग पुगेको कुरा महिलाहरुसँगको विभिन्न छलफलमा आउने गरेको गरेको छ। यस वर्ष मनोविमर्श सेवा प्रदान गर्नका लागि विशेष गरी बहुसाँस्कृतिक, मनोसामाजिक संस्था (टिपीओ नेपाल) सँग समन्वय गरिएको थियो ।

मनोविमर्श सेवाको विवरण यस प्रकार रहेको छः

सामुहिक मनोविमर्शः १४ वटा, सहभागी संख्याः १४९ जना
व्यक्तिगत मनोविमर्शः ११ वटा, सहभागी संख्याः २६ जना
जम्मा सहभागीताः १७५ जना

### २.३.२. स्वास्थ्य परामर्श तथा सेवा

महिला स्वास्थ तथा स्वास्थ अधिकार, हामी सबैको सरोकार भन्ने मान्यतालाई आत्मसात गर्दै महिलाको निम्ति महिला मञ्च नेपालले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुले सहज रुपमा स्वास्थ सेवा, परामर्श प्राप्त गर्ने र महिला सुस्वास्थ र स्वास्थ्य अधिकारका विषयमा चेतना अभिवृद्धि गर्ने र स्वस्थ जीवनका लागि सहजीकरण गर्ने उद्देश्य सहित महिलाको निम्ति महिला मञ्च नेपालले कार्यालयमा महिला स्वास्थ परामर्श केन्द्र संचालन गर्दै आएको छ। वैशाष १२ गते गएको महाविनाशकारी भूकमपको समयमा काठमाण्डौं लगायत विभिन्न प्रभावित जिल्लाहरुमा गएर स्वास्थ्य सेवाहरु प्रदान गरिएको थियो ।

श्रमिक महिलाहरुले भोग्नु परिरहेका आर्थिक समस्या तथा महिला स्वास्थ्य केन्द्रित सेवामा पहूँच नभएको अवस्थालाई मध्यनजर गर्दै के कस्ता कारणहरुले श्रमिक महिलाहरुको स्वास्थमा असर परिरहेको छ भन्ने प्रश्नको गहिराइमा पुग्नका लागि उपचार र बाहिरी घाउ मात्र नभई स्वास्थ्य सम्बन्धि जीवन कथा र अनुभव पोख्नका लागि सहज वातावरण सिर्जना गरिएको छ ।

महिला तथा किशोरीहरुको स्वास्थ्यमा बाल विवाह, छुवाछुत जस्ता सामाजिक कुप्रथा, धर्म, संस्कृति, लैंगिक विभेदले परेको असरहरु, पारिवारीक हेरचाहको कमी, यस क्षेत्रमा काम गर्दा असुरक्षा र मान्यता स्थापित नभएको कारण श्रमिक महिलाहरुले भोगी रहेको स्वास्थ्य समस्या तथा चुनौतिहरुको विषयमा व्यक्तिगत अनुभव, भावन व्यक्त गर्दै स्वस्याहार, सुस्वास्थ्य, उचित उपचारका लागि निःशुल्क परामर्श तथा प्राथमिक उपचार तथा कम मूल्यमा औषधीको व्यवस्था गरिएको छ ।

<u>कार्यक्षेत्र अव्यवस्थित हुनाले तथा ध्वनी तथा वायू प्रदुषण, अस्वस्थ खानाले श्रमिक महिलामाथि परेको असर</u>

यस क्षेत्रमा काम गर्दा कार्यस्थलमा चूरोट, हुक्काको धूँवा, हावा आवतजावतका लागि उचित व्यवस्था नगरिइनु, गुणस्तरिय खानपानको व्यवस्था नगरिइनु साथै रक्सी, चूरोट पिउन बाध्य पारिनुले श्रमिक महिला तथा किशोरीहरुमा स्वास प्रस्वासको समस्या, ग्यास्ट्रिक, उच्च रक्तचाप, मानसिक तनाव जस्ता समस्याहरु सिर्जना भएका छन् । विभिन्न कारणले श्रमिक महिलाहरुको यौन तथा प्रजनन् स्वास्थमा अधिकार हनन् भइरहेको छ । बाल विवाह गरी सानै उमेरमा आमा बन्नु पर्ने बाध्यता, रजस्वलाको समयमा उचित सरसफाइ तथा खानपान गर्न नपाउनु, मातृस्याहको कमीले गर्दा पनि विभन्न स्वास्थ समस्या उत्पन्न भएका छन् । कार्यस्थललाई व्यवस्थित गर्दै श्रमिक महिलाहरुको समग्र तथा यौन तथा प्रजनन् सुस्वास्थ्य प्रवर्द्धनका लागि यस संस्थाले विभिन्न संघ संस्थाहरुसँग समन्वयमा स्वास्थ्य सम्बन्धि विभिन्न चेतनामूलक अभिमूखीकरण, वृत्तचित्र प्रदर्शनी, महिला स्वास्थ शिविर आयोजना गर्दै आएको छ ।

**यस वर्ष महिला स्वास्थ्य परामर्श केन्द्रबाट प्रदान गरिएको सेवाहरु यस प्रकार रहेका छन् ।**

- प्रजनन् स्वास्थ्य परामर्श लिने संख्या : २७ जना
- रक्तचाप परिक्षण तथा परामर्श सेवा लिने संख्या : २१२ जना
- औषधी वितरण संख्याः ९५ जना
- हस्पिटलमा रिफरल गरेको संख्या : ११ जना
- आर्थिक अवस्था कमजोर भएकाले महिला स्वास्थ्य उपचारको सहयोग गरेको संख्या : १० जना

**जम्मा प्राप्त सेवा संख्या :** ३५५ जना

### २.३.३. कानुनी परामर्श तथा सहयोग

महिलाको निम्ति महिला मञ्च नेपालले श्रमिक महिलाको न्यायमा पहूँच अभिवृद्धि तथा सशक्तिकरणका लागि सहजीकरण गर्ने उद्देश्यले विभिन्न संघ, संस्थाहरुसँग समन्वय, सहकार्य गर्दै कानूनी परामर्श तथा न्यायिक प्रक्रिया अगाडि बढाउनका लागि सहयोग गर्दै आएको छ ।

विभेदपूर्ण सामाजिक संरचना, संस्कृति, विभेदपूर्ण कानूनी व्यवस्था, कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनु, आवश्यक कानून नहूनाले श्रमिक महिलाहरुले विभिन्न हिंसा, शोषणको घटना बाहिर ल्याउन सक्ने वातावरण नभएको र श्रमिक महिलालाई नै दोषी ठहराउने प्रवृत्ति हावी भएकाले मनोविमर्श सेवासँग सँगै कानूनी परामर्श तथा सहयोगले श्रमिक महिलाहरुलाई आफू विरुद्ध हुने हिंसा, शोषण विरुद्ध आवाज उठाउन र न्यायिक प्रक्रियामा अघि बढ्न प्रोत्साहन गरेको पाइएको छ ।

कानूनी तथा मनोविमर्श सेवा प्रदान गर्दा श्रमिक महिलाहरुको अनुमति सहित हिंसाका घटना अभिलेख गरिएको छ । यस वर्ष महिलाको निम्ति महिला मञ्च नेपालमा अभिलेख भएका श्रमिक महिलामाथि भएका हिंसाका ३१ वटा घटनाहरु निम्न अनुसार रहेका छन् ।




चित्र नम्बर ३: श्रमिक महिला, किशोरी तथा बालिकाहरुमाथि भएका हिंसाका घटनाहरुको प्रकार

- अदालतमा फैसला भएका सफल मुद्दाहरु मध्ये:
  - घरेलु हिंसा विरुद्ध अंश मुद्दा : १ वटा
  - घरेलु हिंसा विरुद्ध सम्बन्ध विच्छेद : ३ वटा
  - विद्युतिय कारोबार अपराध : १वटा
- ट्रेड यूनियन र महिलाको निम्ति महिला मञ्चको पहलबाट तलब पाएको घटना : ८ वटा
- श्रम कार्यलयबाट श्रम शोषण विरुद्ध क्षतिपूर्ति पाएको घटना : १ वटा

### २.३.४. आपतकालिन सुरक्षाबास तथा सम्प्रेषण

कार्यस्थलमा वा घरमा विभिन्न कारणले महिला तथा किशोरीहरुमाथि हिंसा हुने गरेका छन् । यस्तो अवस्थामा मनोविमर्श, स्वास्थ्य उपचार तथा न्यायिक उपचारका लागि पहल गर्ने समयसम्म महिलाको निम्ति महिला मञ्च नेपालले छोटो समयको लागि आकस्मिक सुरक्षितबास सेवा उपलब्ध गराउँदै आएको छ र लामो समयको सुरक्षाबासका लागि अन्य संस्थामा सम्प्रेषण गर्ने गरिएको छ ।

वैशाष १२ गतेको महाविनाशकारी भूकम्प पश्चात बस्ने डेरा, घर भत्किएर, चर्किएर बस्न नमिलेको अवस्थामा महिलाको निम्ति महिला मञ्च नेपालमा अस्थाइ सुरक्षाबासको व्यवस्था गरिएको थियो ।

| क्र.सं. | आउनुको कारण तथा हिंसा प्रकार | जम्मा संख्या | बसेको समय अवधि | सम्प्रेषण गरिएको संस्था वा निकाय |
|---|---|---|---|---|
| १ | घरेलु हिंसा तथा घरबाट निकालिएको | ९ जना | १ देखि ३ दिन सम्म | प्रहरीमा र महिला पुर्नस्थ(ापना कन्द्र (ओरेक) नेपालमा |
| २ | श्रम शोषण तथा कामबाट निकालिएको | २ जना | १ हप्ता देखि २ महिना सम्म | - |
| ३ | भूकम्प प्रभावित महिला तथा किशोरीहरु | १८ जना | १देखि ३ महिना सम्म | आफ्नो घर अथवा कोठा खोजेर बसेको |
| ४ | जोखिमपुर्ण कामबाट उद्धार गरिएको | ५ जना | १ देखि १५ दिन सम्म | क्याप नेपाल ,शक्ति समुह ओरेक नेपाल , सिविन नेपालमा सिफारिस गरी पुर्नस्थापना भएको |
| ५ | बस्ने स्थान नभएकोले तथा अन्य भेटघाटको लागि | ९ जना | १ देखि ३ दिन सम्म | |
| | **जम्मा संख्या** | **३६ जना** | | |

**टेबल नम्बर ६: आपतकालिन सुरक्षाबास तथा सम्प्रेषण विवरण**

### २.३.५. पुस्तकालय सेवा

अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुलाई विभिन्न सूचनामूलक, सन्देशमूलक तथा ज्ञानवर्द्धक पत्रपत्रिकाहरु, पुस्तकहरु पढ्नका लागि उपलब्ध गराउने उद्देश्यले श्रोत केन्द्रको रुपमा पुस्तकालय स्थापना गरिएको छ। पुस्तकहरु अध्ययन गरेर महिलाहरुको वौद्धिक क्षमताको विकासमा टेवा पुगेको छ । पुस्तकहरु पढ्नु, छलफल गर्नु फुर्सदको समयलाई उपयोग गर्ने माध्यम बनेको छ । स्रोत केन्द्रमा विभिन्न संघ संस्थाहरुबाट प्रकाशन भएका पुस्तक, प्रतिवेदन, बुलेटिनहरु, मानव अधिकार तथा महिला अधिकार, श्रम अधिकार, स्वास्थ्य अधिकारका पुस्तकहरु, कानूनी दस्तावेजहरु, कार्टुन चित्र, कथा तथा अन्य प्रकाशनहरु रहेका छन्। आगामी दिनहरुमा पुस्तकालय सेवालाई अझ व्यवस्थित गर्दै लैजाने र महिला साहित्यकारहरुको महिलामुखी, महिलावादी कृतिहरु, महिला आन्दोलनको इतिहासका अभिलेखहरुलाई संकलन गर्दै वृहत रुपमा अगाडि बढाउने प्रयास जारी रहेको छ । यस वर्ष विभिन्न पुस्तकहरुको अध्ययन तथा सेवा लिने संख्या ४५ जना रहेको थियो ।

## २.४. संगठन सुदृढिकरण तथा संस्थागत विकास कार्यक्रमहरु

महिलाको निम्ति महिला मञ्च नेपालले अधिकारको लागि श्रमिक महिला तथा किशोरीहरुले संगठित रुपमा वकालत गर्न सक्ने वातावरण सिर्जना गर्नका लागि श्रमिक महिलाहरुको एकिकरणका लागि संगठित गर्दै सदस्यता अभिवृद्धि तथा दिगो संस्थागत विकासलाई प्राथमिकता दिएको छ। साथै ट्रेड यूनियनमा आवद्धतालाई पनि प्रोत्साहन गर्दै आएको छ ।

### २.४.१. संस्थाको सदस्यता अभिवृद्धि:

- नयाँ सदस्य संख्या ५५ जना तथा नविकरण संख्या १९ जना
- जम्मा सदस्य संख्याः ३४३ जना

### २.४.२. ट्रेड यूनियनमा आवद्धता

- नेपाल स्वतन्त्र होटेल, क्यासिनो, रेस्टुरेण्ट मजदुर यूनियन अर्न्तगत महिलाको निम्ति महिला मञ्च नेपालको पहलमा गठित ठमेल इलाका तथा गोंगबु इलाका समितिमा आवद्धता, नयाँ संख्या २० जना, नविकरणः ७ जना
- जम्मा सदस्य संख्याः १०२ जना

### २.४.३. समूह सुदृढिकरण तथा विस्तार

- साँस्कृतिक समूह सदस्य संख्याः ३५ जना
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा सम्बन्ध विस्तार, नयाँ संजालमा आवद्धताः १ वटा

### २.४.४. संस्थागत रणनैतिक योजना तर्जुमा गोष्ठि आयोजना गरी संस्थाको आगामी ३ वर्षको रणनैतिक योजना तर्जुमा गरिएको थियो । जसमा सहभागी संख्याः १४ जना

### २.४.५. सुचना सामग्री तथा प्रतिवेदन प्रकाशन

- सूचना पत्र प्रकाशन
- संस्थाको ब्रोसर प्रकाशन
- वि.सं. २०६५मा डान्स बार, डान्स रेस्टुरेण्ट जस्ता कार्यस्थलमा श्रम जीवी महिलामाथि हुने यौन शोषण नियन्त्रणका लागि सर्वोच्च अदालतबाट जारी गरीएको निर्देशिका २०६५ सम्बन्धि जानकारी तथा पैरवीमूलक ब्रोसर प्रकाशन

### २.४.६. मानव स्रोत परिचालन

- कार्यसमिति संख्याः ९ जना
- कर्मचारी संख्याः ८ जना
- स्वयंसेवक संख्याः १० जना

### २.४.७. आन्तरिक बैठकहरु

संस्थागत कार्ययोजना तयारी, संस्थागत विकास, आन्तरिक व्यवस्थापन, अध्ययन, आकस्मिक विषयहरुमा छलफल तथा सामुहिक निर्णय, जिम्मेवारी बाँडफाँडका लागि महिलाको निम्ति महिला मञ्च नेपाल अर्न्तगत विभिन्न समयमा आन्तरिक बैठकहरु संचालन गरिएका छन् तथा

- **कार्यसमिति बैठकः** निरन्तर त्रैमासिक बैठक ४ वटा साथै पैरवीका लागि आकस्मिक बैठक १ वटा
- **कर्मचारी बैठकहरुः** ९ वटा

### २.४.८. पाँचौं वार्षिक साधारण सभा

यस वर्ष २०७१ भाद्र १० गतेका दिन महिलाको निम्ति महिला मञ्च नेपालको कार्यलयमा संस्थाले आफ्नो पाचौं साधारण सभा कार्यक्रम तिजको अवसर पारी संस्थाका पदाधिकारीहरु, साधारण सदस्यहरु, अतिथि, सल्लाहकारहरुको उपस्थितिमा तीजको दर खाने कार्यक्रम सहित पाँचौं साधारण सभा सम्पन्न गरेको छ । साधारण सभामा मनोरञ्जन क्षेत्रमा श्रमिक महिलाहरुको मानव अधिकार सुनिश्चिताका लागि र एक्यावद्धताका लागि हस्ताक्षर संकलन अभियान र खुत्रुके अभियानलाई समेत निरर्न्तता दिई सफलतापूर्वक कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा विभिन्न संस्थाका पदाधिकारीहरु, साधारण सदस्यहरु, अतिथिहरु तथा सल्लाहकारहरुसहित ८१ जनाको उपस्थिति रहेको थियो ।

अध्यक्ष गोमावति पुन (र्सिजना)को अध्यक्षतामा सञ्चालित सभाको खुला सत्र कार्यक्रममा संस्थाको स्थापनाका लागि निकै महत्वपूर्ण भूमिका खेल्नु भएकी ओरेक नेपाल तथा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालकी संस्थापक अध्यक्ष डा. रेणु राजभण्डारी, साथै संस्थालाई नजिकबाट निरन्तर सहयोग तथा सहकार्य गर्दै आउनुभएको पार्वती वस्नेत (महिला अधिकारकर्मी), अधिवक्ता दलबहादुर धामी, सञ्चारकर्मी राम प्रसाद हुमागाई, नेपाल स्वतन्त्र होटेल, क्यासिनो, रेस्टुरेण्ट मजदुर यूनियनका तर्फबाट महिला समितिकी सचिव सुनिता थापाज्यूले संस्थालाई बधाई तथा उत्तरोतर प्रगतिको लागि शुभकामना दिंदै महत्वपूर्ण सुझाव पनि व्यक्त गर्नु भएको थियो ।




साधारण सभा मार्फत आर्थिक प्रगति प्रतिवेदन तथा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत तथा छलफल गरी सरल र निश्पक्ष रुपमा सर्वसमितिहरुबाट पारित गरिएको थियो साथै संस्थाको कार्यसमिति पुर्नगठन र श्रमिक महिलाहरुको न्याय, पहिचान र मानव अधिकारका लागि खुत्रुके अभियान र हस्ताक्षर संकलन अभियानलाई निरन्तरता दिँदै सफल्तापूर्वक समावेशिता र सहज रुपमा कार्यक्रम सम्पन्न भएको थियो ।

## २.५. महिलावादी दृष्टिकोणबाट अनुसन्धान तथा सर्वेक्षण

### २.५.१. घरेलु हिंसा प्रभावित महिलाहरुको दिगो जीविको पार्जनको अभाव विषयक महिलावादी अनुसन्धान (२०१३ देखि २०१४)

महिलाको निम्ति महिला मञ्च नेपाल लगायत ७ वटा संस्थाहरु (महिला पुर्नस्थापना केन्द्र -ओरेक नेपाल, लुम नेपाल, सहयात्री समाज नेपाल, महिला एकता समाज, मुक्ति नेपाल, नेपाल अपाङ्ग महिला संघ)को साझेदारीमा मानव अधिकार मूल्यांकन सामाग्री "डोभा"को प्रयोग गरी घरेलु हिंसा प्रभावित महिलाहरुको दिगो जीविकोपार्जनको अभावको विषयमा महिलाहरुसँग महिलावादी अनुसन्धान गरिएको थियो । अनुसन्धानले महिलाहरुबीचमा पनि भएको क्षेत्रगत, अवस्थागत विभिधताहरु अर्न्तगत अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरु, अपाङ्ग महिलाहरु, तराईमा बसोबास गर्ने महिलाहरु, युवा महिलाहरु, सुकुम्बासी महिलाहरु तथा ग्रामीण महिलाहरुलाई समेटेको थियो । महिलाको निम्ति महिला मञ्च नेपालको तर्फबाट अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत घरेलु हिंसा प्रभावित श्रमिक महिलाहरु ३० जनाको जीवन कथा संकलन गरिइनुका साथै अन्य संस्थाहरुसँग मिलेर २ प्रमुख सुचनादाताहरुसँग अर्न्तवार्ता लिईएको थियो ।

अनुसन्धान अर्न्तगत मानव अधिकार मूल्यांकन सामाग्री डोभाको प्रयोग गरी महिलाहरुले हिंसात्मक सम्बन्धबाट बाहिर आउन नसक्नुको पछाडिका कारणहरु अर्न्तगत आर्थिक अधिकारमा पहूँच नभएको तथा दिगो जीविकोपार्जनको उपायहरुको अभाव र यसको समाधानका लागि गहन रुपमा अध्ययन तथा विश्लेषण गरिएको थियो ।




अनुसन्धान मार्फत डोभा सामाग्रीको चरणवद्ध उपयोग मार्फत नीतिगत विश्लेषण तथा महिला, किशोरीहरुको मानव अधिकार हनन्लाई विश्लेषण गर्नका लागि प्रयोग गर्न सिकाइ भएको थियो । साथ साथै विभिन्न क्षेत्रका महिलाहरुको मुद्दाहरुबारे सिकाइ भएको थियो । अनुसन्धान पश्चात महिलाहरुको सशक्तिकरणका लागि सामाजिक, साँस्कृतिक, आर्थिक अधिकार सुनिश्चितता का लागि पैरवी तथा घरेलु हिंसा, लैंगिक विभेद तथा दिगोजीविकोपार्जनको अभावले हिंसात्मक सम्बन्धबाट निस्कन महिलाहरुलाई ठूलो बाधा पारिरहेको विषयमा विभिन्न सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरु ध्यानाकर्षण गराउन साथै जनचेतना अभिवृद्धि गर्नका लागि अन्तर्क्रिया तथा अभिमूखीकरण कार्यक्रमहरु संचालन गरिएको थियो । साथै अन्य संघ संस्थाहरुमाझ डोभा सामाग्रीको बारेमा जानकारी अभिवृद्धि गर्नका लागि ३ दिने तालिम संचालन गरिएको थियो ।

### २.५.२. सुनसरी तथा मोरङ् जिल्लामा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक किशोरी तथा महिलाहरुको अवस्थाको विषयमा महिलावादी सहभागीतामूलक अध्ययन तथा सर्वेक्षण (२०१४ देखि २०१५)

महिलाको निम्ति महिला मञ्च नेपाल, ओरेक नेपाल तथा श्रमिक महिला साझा मञ्चको सहकार्य तथा प्लान नेपालको सहयोगमा सुनसरी तथा मोरङ जिल्लामा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रहरु (खुला खाजा घर तथा सेकुवा कर्नर रेस्टुरेण्टहरु, डान्स रेस्टुरेण्ट, दोहोरी साँझ तथा क्याविन रेस्टुरेण्ट) मा कार्यरत श्रमिक महिला, किशोरी तथा बालिकाहरुको स्थिति सम्बन्धि महिलावादी सहभागीतामूलक अध्ययन गरिएको थियो । अध्ययनको क्रममा स्थलगत अवलोकन सहित ३० जना श्रमिक महिलाहरुसँग जीवन कथा अभिलेखिकरण तथा २०० जना श्रमिक महिलाहरुसँग अन्तर्वार्ता लिनुका साथै स्थानिय सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुसँग पनि अन्तर्वार्ता लिइएको थियो । यस अध्ययनको समग्र उद्देश्य इटहरी उपमहानगरपालिका स्थित खनार, पकलि, हंसपोसाजस्ता स्थानहरुमा कार्यरत श्रमिक महिलाहरुसँगको निकट सहकार्य तथा प्रत्यक्ष सहभागीतामा यस क्षेत्रहरुमा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रहरुमा कार्यरत श्रमिक किशोरी तथा महिलाहरुको अवस्था पत्ता लगाइ अभिलेखिकरण गर्ने साथै इटहरी तथा अन्य श्रोत जिल्लामा अवस्थित जिल्ला बाल कल्याण बोर्ड तथा गाउँ बाल संरक्षण समितिहरुको यस क्षेत्रमा कार्यरत बालिका तथा किशोरीहरुको समस्या समाधानका लागि क्षमताको पहिचान गर्ने रहेको थियो । अध्ययनबाट संकलित तथ्यांकको विस्तृत विश्लेषण तथा श्रमिक महिलाहरुको संगठित हुनका लागि भइरहेको प्रयासहरु सहितको प्रतिवेदन तयारीको क्रममा रहेको छ ।

अध्ययनको क्रममा सुनसरी तथा मोरङ्ग जिल्लाहरुमा कार्यरत श्रमिक महिला तथा किशोरीहरुद्वारा नै स्थापना गरिएको संस्था “श्रमिक महिला साझा मञ्च” सँग महिलाको निम्ति महिला मञ्च नेपालको सम्बन्ध विस्तार हुनुका साथै समन्वयमा अभिवृद्धि भएको छ ।

### २.५.३. काठमाण्डौं जिल्लामा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला तथा किशोरीहरुको स्थानागमनको विषयमा खोजपूर्ण अध्ययन (२०१५)

अधिकारको लागि अभियान संजाल अर्न्तगत महिलाको निम्ति महिला मञ्च नेपाल, छोरी तथा विश्वास नेपाल गरी तीनवटा संस्थाहरुको सहकार्यमा काठमाण्डौं जिल्लामा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला तथा किशोरीहरुको स्थानागमनको विषयमा खोजपूर्ण अध्ययन संचालन गरिएको थियो । अनुसन्धान अर्न्तगत व्यक्तिगत अर्न्तवार्ता साथै केन्द्रित समूह छलफल, जीवन कथाको अभिलेखिकरण, केन्द्रित समूह छलफलका माध्ययमबाट श्रमिक महिला तथा किशोरीहरुको सामान्य सामाजिक आर्थिक पृष्ठभूमी, स्थानागमनको ढाँचाहरु,

स्थानागमन गर्दा अपनाइरहेका प्रक्रियाहरु तथा सुरक्षित स्थानागमनकसँग सम्बन्धित विभिन्न मुद्दाहरुमा ज्ञानको तह र वैदेशिक रोजगारीमा जाने क्रममा गन्तव्य मूलूकहरुमा भोग्नु परेका अवस्थाहरु पनि मनन् गरिएको छ । अनुसन्धानको क्रममा काठमाण्डौंस्थित विभिन्न स्थानहरुमा सुरक्षित वैदेशिक रोजगारीका लागि परामर्श पनि गरिएको थियो ।

### २.५.४. काठमाण्डौं जिल्लामा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रका कार्यस्थलहरुको स्थलगत अध्ययन तथा तथ्यांक संकलन (२०१५)

महिलाको निम्ति महिला मञ्च नेपालद्वारा २०७१ मंसिर देखि २०७१ चैत्र सम्ममा काठमाण्डौं जिल्लामा अवस्थित अनौपचारिक तथा मनोरञ्जन क्षेत्रका व्यवसायहरु तथा श्रमिक महिलाहरुको संख्या पत्ता लगाउनका लागि सर्वेक्षण गरी तथ्यांक संकलन गरिएको थियो। यद्यपी विभिन्न रेस्टुरेण्टहरुमा व्यवसायीहरुको संस्थाप्रतिको नकारात्मक सोचाइका कारण श्रमिक महिलाहरुको संख्या नदिने, श्रमिकहरुलाई भेट्न नदिइनुले गर्दा सम्पूर्ण तथ्यांक आउन सकेको छैन ।

सर्वेक्षणको क्रममा भेटिएका श्रमिक महिला तथा व्यवसायहरुको संख्या यस प्रकार रहेको छः

| क्र.सं. | व्यवसायको प्रकार | व्यवसाय संख्या | श्रमिक महिलाहरुको संख्या |
|---|---|---|---|
| १. | डान्सबार | ७० वटा | १६५६ जना |
| २. | दोहोरी | ६४ वटा | १६४४ जना |
| ३. | मसाज तथा स्पा | ९६ वटा | ३९२ जना |
| ४. | खाजा घर, खुल्ला तथा क्याविन रेष्टुरेण्ट | ३६० वटा | ७१९ जना |
| | **जम्मा व्यवसाय संख्या** | **५९० वटा** | |
| | **जम्मा श्रमिक संख्या** | **४,४११ जना** | |

**टेबल नम्बर ७: काठमाण्डौं जिल्लामा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रका कार्यस्थलहरुको स्थलगत अध्ययन सर्वेक्षणको तथ्यांक विवरण**

- सर्वेक्षणको क्रममा विभिन्न कार्यक्षेत्रहरुमा श्रमिक महिलाहरुसँग भेट हुनाले महिलाको निम्ति महिला मञ्च नेपालको दैनिक आउटरिच कार्यक्रमलाई अझ प्रभावकारी रुपमा क्षेत्र तथा रणनीति तय गरि अगाढि बढाउन उपयोगी भएको छ ।

### २.५.५. भूकम्प पछि श्रमिक महिलाहरुको अवस्था तथा आवश्यकता मूल्यांकन सर्वेक्षण (२०१५)

वि.सं. २०७२ साल वैशाष १२ गतेको महाविनाशकारी भूकम्पले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुमाथि ठूलो भौतिक, आर्थिक, सामाजिक, मानसिक साथै स्वास्थ्य सम्बन्धि असर परेको छ। विनाशकारी भूकम्प तथा निरन्तरको परकाम्पन गइरहेको अवस्थामा श्रमिक महिलाहरु तथा महिलाको निम्ति महिला मञ्च नेपाल सदस्यहरुसम्म पुग्न तथा श्रमिक महिलाहरुको अवस्था तथा आवश्यकता पहिचान गर्दै उपलब्ध सहयोग आदान प्रदान गर्ने साथै पहूँच अभिवृद्धि गर्नका लागि वि.स. २०७२ जेठ १३ गतेदेखि वि.सं. २०७२ जेठ ३२ गतेसम्म महिलाको निम्ति महिला मञ्च नेपाल कर्मचारी तथा सदस्य स्वयंसेवकहरुको सक्रियतामा तीव्र सर्वेक्षण सञ्चालन गरिएको थियो । सर्वेक्षणबाट प्राप्त तथ्यांकको प्रारम्भिक संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

- भेटिएको श्रमिक किशोरी तथा महिलाहरुको संख्या: २८१ जना
- काठमाण्डौंमा बस्ने कोठा, घर भत्किएको: ४५ जना



- काठमाण्डौंमा बस्न नमिल्ने गरी कोठा भत्किएको: ११६ जना
- गाउँमा घर भत्किएको: १८८ जना
- श्रमिक महिलाको मृत्यु भएको: ३ जना
- रोजगारीको क्षेत्र बन्द भएको:
    - दोहोरी साँझ: १५ वटा
    - डान्स रेस्टुरेण्ट: ८ वटा
    - मसाज पार्लरहरु: ४ वटा
    - क्याबिन रेस्टुरेण्टहरु: २४ वटा

समस्या, चूनौति तथा आवश्यकता

- त्रिपालमा बस्दा पाल उडाउने डर,
- बासस्थानबाट विस्थापन, सम्पत्ति तथा सामानहरुको क्षय,
- कार्यस्थल बन्द हुँदा रोजगारीबाट विस्तापित भइ आर्थिक अभावको समस्या,
- कार्यस्थल खुलेको अवस्थामा पनि हाल चर्केको कार्यस्थलहरुमा डरलाग्दो स्थितिमा काम गर्नुपर्ने बाध्यता,
- काम गर्ने स्थानमा तलब नदिइने, अझै न्यून तलबमा काम गर्नु पर्ने बाध्यता,
- कामबाट फर्कदा कार्यस्थलको परिचय पत्र भूकम्पले गर्दा पुरिएको हुँदा प्रहरीले पक्रेर लैजाने,
- कोठा बहाल नपाइने, कोठा बहाल बढेको अवस्था,
- बालबच्चाहरुलाई स्कूल पठाउन असमर्थ भएको,
- स्वदेशमा रोजगारी, बासस्थानको विकल्प नपाउँदा असुरक्षित रुपमा वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यता अझ बढेर अझ जोखिमपूर्ण स्थितिमा पुग्न सक्ने जोखिम,
- गाउँ घरमा परिवारजनको मृत्यु हुँदाको शोक, डर, त्रासले मनोसामाजिक चूनौतिहरु थपिएको,
- त्रिपालमा बस्दा यौनजन्य हिंसा तथा शोषणको जोखिम, मानव बेचविखनमा पर्ने जोखिम

आवश्यकता पहिचान

- आपतकालिन आवश्यकता अर्न्तगत, त्रिपालको आवश्यकता, सुरक्षित आवासको आवश्यकता, जीवन धान्नका लागि अत्यावश्यक खाद्यान्न सामाग्रीहरु, खाने पानी, सरसफाइ सामाग्रीहरु, सुत्केरी तथा गर्भवति महिलाहरु तथा बालबालिकाहरुकाले लागि पोषिलो आहार तथा सुरक्षित स्थानको आवश्यकता, दिर्घ रोगबाट प्रभावित व्यक्तिहरुको लागि औषधि उपचारका लागि आर्थिक श्रोतको आवश्यकता, गाउँ फर्कनका लागि आर्थिक श्रोतको आवश्यकताहरु प्रमुख रहेका थिए ।
- भने मध्यकालीन पुर्नस्थापना तथा भूकम्पको डर, त्रास बाट बाहिर निस्किनका लागि बासस्थानमा सामाग्री, कोठा बहालका लागि आर्थिक श्रोत, मनोविमर्श, स्वास्थ्य उपचार तथा औषधीहरुको आवश्यकता रहेको थियो ।
- दिर्घकालीन पुर्नस्थापना तथा दिगो जिविकोपार्जनका लागि धेरै श्रमिक महिलाहरुको रोजगारीबाट विस्थापन भएकाले दिर्घकालिन रोजगारीको व्यवस्था गरिनु पर्ने, कार्यक्षेत्रहरुलाई व्यवस्थित गरिनु पर्ने, आर्थिक सशक्तिकरणका लागि पहल तथा उचित कदम चालिनु पर्ने ।
- कतिपय कार्यस्थलमा भूकम्पपछि व्यवसायीहरुबाट श्रमिकहरुलाई तलब नदिइएको भने कतिपय अवस्थामा व्यवसायीहरुबाट आफ्ना कर्मचारीहरुलाई त्रिपाल, खाद्यान्नको सहयोग प्राप्त भएको थियो ।

## २.६. दबाब तथा पैरवीमूलक कार्यक्रमहरु

### २.६.१. अन्तर्क्रिया कार्यक्रम

महिलाको निम्ति महिला मञ्च नेपालले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको अधिकार स्थापित गर्नका लागि श्रमिक महिलाहरुको विभिन्न मुद्दाहरुमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुलाई संवेदनशील बनाउन विभिन्न अन्तर्क्रिया कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## अन्तर्क्रिया कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम को उद्देश्य | मिति | आयोजक | स्थाल | सहभागी |
|---|---|---|---|---|---|---|
| १. | घरेलु हिंसा अन्त्यको आधार विषयक अन्तर्क्रिया कार्यक्रम | अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको घरेलु हिंसाको अवस्थालाई विश्लेषण गरी हिंसा अन्त्यको आधारका लागि स्थानीय सरोकारवाला निकायहरुसँग पैरवी गर्ने | २०७१/०६/३० | महिलाको निम्ति मञ्च नेपाल, ओरेक नेपाल | महिलाको निम्ति महिला मञ्च नेपालको तालिम हल | ४३ जना |
| २. | जन सार्कमा सरोकारवाला निकायहरुसँग “अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको अवस्था” विषयक अन्तर्क्रिया | श्रमिक महिलाको वर्तमान अवस्था तथा सरोकारवाला निकायको भुमिका के हुनेछ र जिम्मेवारी कस्को हो भन्नेमा छलफल गरी सार्क सम्मेलनका लागि जनसार्कको तर्फबाट सुझावहरु पेश गर्नका लागि संकलन गर्ने | २२ नोभेम्बर २०१५ | महिलाको निम्ति महिला मञ्च नेपाल | स्टाफ कलेज, जावलाखेल | ४५ जना |
| ३ | सरोकारवाला निकाय र श्रमिक महिलाहरु संग अन्तर्क्रिया कार्यक्रम | अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यारत श्रमिक महिलाको सामाजिक र स्वतन्त्र गतिशिलता अधिकार अबस्थाको बारेमा | २५ फेअबरी २०१५ | महिला मञ्च नेपाल | नेपाल बार एसोसियसन | ४० जना |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सरोकारवाला निकायहरुसँग "अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको अवस्था तथा कानूनी प्रावधानहरु" विषयक अन्तर्क्रिया कार्यक्रम | हालकोको कानूनी प्रावधानहरुको विश्लेषण, कार्यान्वयनको विषय तथा नयाँ कानून निमार्णका लागि छलफल तथा निश्कर्ष, सुझाव संकलन गर्ने<br><br>मानव अधिकार हनन्को जोखिममा रहेको समूहको पहिचान गर्ने साथै श्रमिक महिलाहरु तथा यस क्षेत्रमा कार्यरत संघ, संस्थाहरुको आवाज तथा मुद्दाहरु उठान गर्ने मञ्च सिंर्जना गर्ने<br><br>सम्बन्धित सरकारी निकाय तथा सरोकारवालाहरुलाई संवेदनशील बनाउदै जिम्मेवारीबोध तथा जवाफदेही बनाउने<br><br>दिगो पुर्नस्थापना सेवाहरुमा योगदान गर्न गैरसरकारी संस्थाहरुको एकीकृत क्षमता विस्तार गर्न योगदान गर्ने | २०७२/१/४ | महिला मञ्च नेपाल | वल्ड ट्रेड सेन्टर त्रिपुरेश्वर | ४७ जना |

टेबल नम्बर ८: अन्तर्क्रिया कार्यक्रम विवरण

- **जम्मा अन्तर्क्रिया कार्यकमको संख्या : ५ वटा**
- **सहभागी संख्या : २३० जना**

## २.६.२. गोष्ठी तथा भेला कार्यक्रमहरु

### २.६.२.१. अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको अवस्था: निर्वाहमूखी ज्याला विषयक कार्यशाला गोष्ठी

भूकम्पले श्रमिक महिलाहरुमा पारेको असर अर्न्तगत भूकम्प अघिदेखि नै अति न्यून ज्यालामा काम गर्न बाध्य श्रमिक महिलाहरुको निर्वाहमूखी ज्यालाको अधिकार सुनिश्चितताका लागि भूकम्प पछि अझ चूनौतिहरु थपिएको कुरालाई मध्यनजर गर्दै २०७२/०२/१९ गते महिलाको निम्ति महिला मञ्च नेपाल तथा ओरेक नेपालको संयुक्त आयोजनामा महिला तथा बालबालिका मन्त्रालयका सहसचिव राधिका अर्यालको प्रमुख आतिथ्यमा श्रमिक महिलाहरु, विभिन्न सरकारी निकाय प्रतिनिधिहरु, मानव अधिकार आयोग प्रतिनिधि, विभिन्न संघ, संस्था प्रतिनिधिहरु, महिला अधिकारकर्मी, टेड यूनियन प्रतिनिधि तथा संचारकर्मीहरु सहित ७९ जनाको सहभागीतामा "अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको अवस्था: निर्वाहमूखी ज्याला विषयक कार्यशाला गोष्ठी होटेल अन्नपूर्ण संचालन गरिएको थियो । गोष्ठीमा ५ जना श्रमिक महिलाहरुले हाम्रो पहिचान र कामको सम्मान हामीलाई चाहियो भन्ने माग सहित आफूले भोगीरहेका समस्या तथा चूनौतिहरु आदान प्रदान गरिएको थियो । साथै विभिन्न सरकारी निकायहरुबाट श्रमिक महिलाहरुको अधिकार सुनिश्चित गर्नका लागि प्रतिवद्धता जाहेर गरिएको थियो । गोष्ठी पश्चात श्रमिक महिलाहरुको साझा माग सहित काठमाण्डौं घोषणा पत्र २०७२ जारी गरिएको छ ।




## २.६.२.२. भूकम्प प्रभावित श्रमिक महिलाहरुको संगम भेला

वैशाष १२ गतेको विनाशकारी भूकम्पबाट आम नेपालीहरुलाई नै शोकाकुल अवस्थामा पुयाएको र अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरु पनि मारमा परिरहेको अवस्थामा महिलाको निम्ति महिला मञ्च नेपाल अर्न्तगत अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुलाई एकै थलोमा जम्मा हुने वातावरण र्सिजना गरी भूकम्पका असर तथा चूनौतिहरु के कस्ता रहे, दिगो पुर्नस्थापनाका लागि संस्थाको आगामी भावी योजना कस्तो हुनु पर्छ भन्ने विषयमा केन्द्रित भई भूकम्पको त्रास तथा तनाव कम गर्ने वातावरण र्सिजना गर्ने उद्देश्य सहित २०७२ श्रावण १५ गते (जुन २०, २०१५)का दिन रोपाई दिवसको अवसर पारी सामाखुसी स्थित एबी पार्टी प्यालेसमा ४६ जना श्रमिक महिला, २ जना पुरुष श्रमिक, महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालकी सचिव विष्णु न्यौपाने, महिलाको निम्ति महिला मञ्च नेपालमा नृत्य शिक्षक, नृत्य निर्देशक तथा मुस्कान अभियान संयोजक सुमन सागर जंघ के.सी. तथा महिलाको निम्ति महिला मञ्च नेपाल संस्था कार्यसमिति तथा कर्मचारी सदस्यहरुको सहभागीतामा श्रमिक महिलाहरुको एक दिने संगम भेला सञ्चालन गरिएको थियो ।

श्रमिक महिलाहरुमा भूकम्पले ठूलो भौतिक, आर्थिक, सामाजिक असरसँगै स्वास्थ्य तथा जीविकोपार्जनमा नकारात्मक असर पुर्याएको संकटकालिन अवस्थामा पनि श्रमिक महिलाहरुको एकता र महिलाको निम्ति महिला मञ्च नेपाल जस्तो एकताको थलोको आवश्यकता निकै रहेको र आगामी दिनहरुमा श्रमिक महिलाहरुको एकता अझ वृहत र अझ बलियो बनाउदै लैजानु पर्छ भन्ने सुझाव सहित  भूकम्प प्रभावित श्रमिक महिलाहरुलाई गाँस, बास, कपास, स्वास्थ्यको व्यवस्था, रोजगारीमूलक कार्यक्रम, मनोविमर्श सेवा तथा स्वास्थ्य सेवा प्रदान गरिनु पर्ने, बालबच्चाको शिक्षाको लागि व्यवस्था गर्नका लागि अझ व्यापक छलफल गर्नु आवश्यक रहेको, रोजगारी पुर्नस्थापना, दिर्घकालीन सीप र स्वरोजगारीलाई प्रवर्द्धन व्यक्तिको न्यूनतम मानव अधिकारको मापडण्डको



आवश्यकता लाई पुरा गर्न राज्यलाई जिम्मेवार बनाउन कदम चाल्दै आफ्नो तर्फबाट पनि हातेमालो गर्दै अघि बढ्नु पर्ने निश्कर्ष निकालिएको थियो ।



साथै महिलाको निम्ति महिला मञ्च नेपालका सक्रिय सदस्य तथा कर्मचारीहरु मिलेर भूकम्प पछि आफू पनि भूकम्प प्रभावित हुँदा हुँदै पनि अरु प्रभावित व्यक्तिहरुको सहयोगका लागि आफ्नो घर, परिवार, व्यक्तिगत आवश्यकताहरुलाई दास्रो प्राथमिकतामा राख्दै मानवीय भावनाका साथ स्वास्थ्य, सरसफाई, स्नेह, पुर्ननिर्माण तथा मुस्कान अभियानहरुमा निरन्तर स्वयंसेवा गर्नु भएको अनुभव आदान प्रदान तथा स्वयंसेवकहरुको सम्माननीय योगदानको कदर गर्दै धन्यवाद ज्ञापन पनि गरिएको थियो ।

## २.६.३. धर्ना तथा र्‍यालीमा सहभागीता








| क.सं. | कार्यक्रमको नाम | मिति | आयोजक | स्थान | महिला मञ्च नेपालबाट सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | मानव बेचविखन विरुद्धको दिवसको अवसरमा र्‍यालीमा सहभागीता | (२०७१/५/२०) | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा संघ, संस्थाहरु | भद्रकाली | १७ जना |
| २. | बाल दिवसको अवसरमा र्‍यालीमा सहभागीता | २०७१/५/२९ | | भृकुटी मण्डप | ५ जना |
| ३ | लैंगिक विभेद विरुद्धको १६ दिने अभियानको अवसरमा र्‍यालीमा सहभागीता | २०७१/८/९ | महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल तथा मीहला अधिकारमा काम गर्ने संघ संस्थाहरु | भृकुटी मण्डप | ३२ जना |
| ४ | नयाँ संबिधानमा महिलाको अधिकारको लागि धर्ना | २०७१/१०/०२ | महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल | नयाँ बानेश्वर | ६ जना |
| ५ | नयाँ संबिधानमा महिलाको अधिकार सुश्चित हुनुपर्ने विषयमा सडक बहस | २०७१/१०/०३ | महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल | नयाँ बानेश्वर | ७ जना |
| ६ | १०५ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा र्‍यालीमा सहभागी | २०७१/११/२४ | महिला विभाग, जिफन्ट महासंघ | सुन्धारा | ९ जना |
| ७ | १०५ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा र्‍यालीमा सहभागी | २०७१/११/२४ | नेपाल सरकार तथा विभिन्न संघ सस्था | भद्रकाली | २७ जना |

**टेबल नम्बर ९: धर्ना तथा र्‍यालीमा सहभागीता विवरण**

- **जम्मा घर्ना तथा र्‍यालीहरु संख्या : ७ वटा**
- **सहभागी संख्या : १०३ जना**

## २.७. समन्वय तथा सहकार्य

महिलाको निम्ति महिला मञ्च नेपालले स्थापनाकालदेखि नै मानव अधिकार तथा महिला अधिकारमा कार्यरत साथै मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको श्रम अधिकारको विषयमा सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी निकायहरु, संघ संस्था, सञ्जाल र यूनियनहरु सँग हातेमालो गर्दै श्रमिक महिलाको अधिकार सुश्चिततताका लागि समन्वय र सहकार्य गर्दै आएको छ । यस वर्ष पनि समन्वय, सहकार्यलाई अगाडि बढाइएको छ ।

समन्वयका लागि विभिन्न समयमा संघ, संस्था, निकायहरुसँग समन्वय बैठक, भेटघाट आयोजना गरिन्छ जस अन्तर्गत विभिन्न संघ, संस्था, संजालहरुसँग अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुसँग सम्बन्धित विभिन्न तात्कालिन मुद्दाहरुमा छलफल गरी कार्ययोजना तय गरी सामूहिक पहल, दबाब, पैरवी गर्ने गरिएको छ ।

- **विभिन्न समन्वय तथा सहकार्य बैठकहरु संख्या:** १८ वटा

**समन्वयको विवरण यस प्रकार रहेको छः**

**क. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ सस्था, यूनियन तथा सञ्जालहरु**

- विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरुसँग समन्वय सहकार्य: ३५ वटा
- वभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संजालहरुसँग समन्वय: १२ वटा
- विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय ट्रेड यूनियनहरुसँग समन्वय: ४ वटा
- विभिन्न संचार माध्ययमहरुसँग समन्वय तथा सहकार्य: १० वटा
- विभिन्न सम्बन्धित सरकारी निकायहरुसँग समन्वय तथा सहकार्य: १८ वटा

**ख. विभिन्न सरकारी निकायहरुसँगको समन्वय**

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, प्रहरी, महिला सेल, महिला तथा बालबालिका कार्यालय, राष्ट्रिय पर्यटन विकास परिषद्, महानगरपालिका, जिविस, जिप्रका, गोंगबु



गाविस, जिल्ला अदालत, श्रम तथा रोजगार विभाग, श्रम तथा रोजगार मन्त्रालय, श्रम कार्यालय, वैदेशिक रोजगार विभाग, मानव बेचविखन विरुद्धको राष्ट्रिय समितिमा सदस्यता सहित समन्वय, निर्देशिका २०६५ अर्न्तगत गठित अनुगमन तथा कारबाही समिति अर्न्तगतको उपसमितिमा सदस्यता सहित समन्वय, आदि ।

## २.८. अभियानमुलक कार्यक्रमहरु

- न्याय र पहिचानका लागि खुत्रुके अभियान
- श्रमिक महिलाहरुको मानव तथा श्रम अधिकार सुनिश्चितताका लागि हताक्षर संकलन अभियान
- लैंगिक विभेद विरुद्धको १६ दिने अभियान
- साँस्कृतिक अभियान
- बलात्कार विरुद्धको राष्ट्रिय अभियान
- मुस्कान अभियान

### २.८.१. न्याय र पहिचानका लागि खुत्रुके अभियान

महिलाको निम्ति महिला मञ्च नेपालको वार्षिक उत्सव कार्यक्रमको सन्दर्भमा मनोरञ्जन क्षेत्रमा कार्यरत हिंसा प्रभावित महिलाहरुलाई सहयोग गर्ने वातावरण सिंर्जना गर्ने साथै अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत तथा विभिन्न खाले हिंसा प्रभावित श्रमिक महिला तथा किशोरीको न्याय र पहिचानका लागि आफ्नो ऐक्यवद्धताको प्रत्यक्ष स्मरण गर्ने उद्देश्यले "न्याय र पहिचानको लागि खुत्रुके अभियान" २०७१ साल चैत्र १२ गते सुभारम्भ गरिएको थियो । उक्त अभियानलाई संस्थाले निरन्तरता दिँदै आइरहेको छ। अभियान अर्न्तगत महिलाको निम्ति महिला मञ्च नेपाल सदस्यहरु,

श्रमिक महिलाहरु, अधिकारकर्मीहरु, विभिन्न संस्थाहरुले खुत्रुकेमा आर्थिक संकलनलाई निरन्तरता दिइएको छ ।




### २.८.२. हस्ताक्षर संकलन अभियान




अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको सवालमा सामूहिक ऐक्यबद्धता संकलन गर्ने, श्रमिक महिलाको अधिकारको सुनिश्चतता, रोजगारीको पहिचान तथा सामाजिक सुरक्षा सहितको कानून निर्माण तथा सामाजिक परिवर्तनका लागी दबाद सृजना गर्ने तथा सरकारलाई जवाफदेही बनाउने उद्देश्यले यो अभियानको सुरुवात गरिएको हो । उक्त हस्ताक्षर संकलन अभियानको सुभारम्भ २०७१ चैत १२ गते महिलाको निम्ति महिला मञ्च नेपालको वार्षिक उत्सवको अवसरमा गोदावरी, ललितपुरमा संस्थाकी अध्यक्ष सिर्जना पुनले हातमा रङ पोतेर सेतो कपडामा छाप लगाई हस्ताक्षर गरिएको थियो । मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको समस्या, चुनौतीहरुलाई सम्बोधन गर्ने सरकारले हालसम्म कानुन बनाउन उचित पहल नगरेका कारण सामुहिक दबाब सृजना गर्न आवश्यक भएकोले ऐक्यवद्धता स्वरुप संकलित हस्ताक्षर सम्बन्धित सरकारी निकायमा बुझाइनेछ । यस अभियान अर्न्तगत हालसम्म २,२२६ जनाको हस्ताक्षर संकलित भएको छ ।

### २.८.३. साँस्कृतिक अभियान

महिलाको निम्ति महिला मञ्च नेपालद्वारा १३ सेप्टेम्बर २०१२ का दिन खुला मञ्चमा वृहत रुपमा साँस्कृतिक कार्यक्रमको आयोजना गरी श्रमिक महिलाहरुप्रति हेरिने नकारात्मक दृष्टिकोण परिवर्तन गर्न, महिला अधिकारको सुनिश्चितता गर्नका लागि विभिन्न साँस्कृतिक कार्यक्रमहरुका मार्फत जनचेतना जगाउने तथा पैरवी गर्ने उद्देश्यले राष्ट्रव्यापी रुपमा साँस्कृतिक अभियानको सुरुवात गरिएको थियो र संस्थाले यस अभियानलाई निरन्तर अगाडि बढाइरहेको छ ।




महिला मञ्च साँस्कृतिक समूह

साँस्कृतिक अभियानमा महिला मञ्च साँस्कृतिक समूहको नेतृत्व तथा सक्रिय सहभागीता रहेको छ । साँस्कृतिक अभियानलाई प्रभावकारी बनाउन नृत्य, गीतिनाटक, सडक नाटक, गीत, संगीत मार्फत सन्देश प्रवाह गरिन्छ । कार्यक्रमहरु मार्फत जनचेतना अभिवृद्धि, सरोकारवाला निकायहरुमा संवेदनशीलतामा अभिवृद्धि साथ साथै महिला मञ्च साँस्कृतिक समूहको पहिचान पनि स्थापना भएको छ ।

२०७२ वैशाख १२ गतेको महाविनाशकारी भूकम्प पश्चात जनमानस, विशेष गरी महिला, किशोरी तथा बालबालिकामा रहेको डर, त्रास घटाउनका लागि सुरुवात गरिएको मुस्कान

अभियानमा पनि साँस्कृतिक समूह सदस्यहरुको सक्रिया भूमिका रहेको थियो ।




### २.८.४. बलात्कार विरुद्धको राष्ट्रिय अभियान

बलात्कार जस्तो जघन्य अपराध दिनानु दिन समाजमा बढिरहेको कारण महिलाहरु आफ्नो परिवार, समाज र कार्यस्थलमा सुरक्षित हुन सकिरहेका छैनन् । बलात्कार जस्तो अपराधमा पनि महिलाले न्याय नपाइरहेको अवस्था छ । यस कारण अधिकारकर्मी तथा नागरिक समाजका अगुवाहरुबाट महिलामाथि हुने यस्तो जघन्य अपराधको नियन्त्रण, बलात्कार सम्बन्धि नयाँ कानूनको निर्माण, पिडकलाई दण्ड सजाय र प्रभावितलाई क्षतिपूर्तिको व्यस्था हुन पर्ने , लैंगिक संवेदनशील अनुसन्धान र निरन्तर सुनुवाई लगाएतका मागहरु राखी ओरेक नेपाल लगायत ३० वटा भन्दा बढि संघ, संस्थाहरुको सहकार्यमा बलात्कार विरुद्ध अभियान संचालन भएको थियो । उक्त अभियानको पहिलो, दोस्रो, तेस्रो चरणमा महिलाको निम्ति महिला मञ्च नेपाल आयोजक समितिमा रहेर सक्रिय रुपमा सहभागी भएको थियो ।

### २.८.५. मुस्कान अभियान

वि.सं. २०७२ साल वैशाख १२ गतेको महाविनाशकारी भुकम्पमा परि आम नेपाली जनमानसमा ठुलो डर त्रासपुर्ण वातावरणमा जीवन जिउनु पर्ने अवस्था रहेको र सबै भन्दा बढि प्रभावित बालबालिकहरु र महिलाहरु रहेको अवस्थामा दिगो पुर्नरस्थापनाका लागि मनमा गढेको डर भगाई पहिलाको जीवन शैलीमा फर्काउने मद्धत गर्ने उद्देश्यले महिलाको निम्ति महिला मञ्च नेपालको आयोजनामा २०७२ जेष्ठ १८ गते देखि काठमाण्डौको नयाँ बसपार्कबाट मुस्कान अभियानको सुभारम्भ गरिएको थियो ।



मुस्कान अभियान अर्न्तगत विभिन्न भुकम्प प्रभावित जिल्लाहरुमा ख्याती प्राप्त तथा महिला मञ्च साँस्कृतिक अभियान अर्न्तगत कलाकारहरु मार्फत गीत संगित तथा नृत्य कार्यक्रमहरु मार्फत मनोरञ्जन दिदै भुकम्पको डर हटाउन मद्धत गरिएको थियो । मुस्कान अभियान कार्यक्रम काठमाण्डौंमा नयाँ बसपार्कमा सुभारम्भका दिन चर्चित गायक टंक बुढाथोकी, गायक सन्तोष दुमी राई, अभियानका संयोजक सुमन सागर जंग के.सी., नृत्य रोमा न्यौपाने, लक्ष्मी तामाङ, सिता थापा, मनिका लामा विन्दु गुरुङ्ग आदी कलाकर हरुको निकै जोडदार प्रस्तुतिमा कार्यक्रम प्रस्तुत गरिएको थियो । यसै गरि कार्यक्रमको उद्देश्य र संस्थाको उद्देश्य बारेमा जानकारी दिँदै महिला मञ्च नेपालकी अध्यक्ष सिर्जना पुनले भुकम्प प्रभावित जिल्लाहरुमा सबै स्थानमा आफ्नो अभियान सञ्चालन गर्ने र भुकम्पबाट अब सबै जना नडराई आफ्नो काममा फर्कन सक्ने बताउदै उपस्थितहरुलाई हौसला दिनुभएको थियो । उक्त कार्यक्रम २०० जना भन्दा बढी दर्शकहरुले अवलोकन गरि सबैले खुसी व्यक्त गर्दै कार्यक्रममा समेल भएका थिए । मुस्कान अभियानलाई निम्नि उल्लेख भए अनुसार विभिन्न भूकम्प प्रभावित व्यक्तिहरुको क्याम्प तथा विद्यालयमा पनि निरन्तरता दिइएको थियो ।



| क्र.सं. | कार्यक्रम मिति | स्थान | महिला मञ्चबाट सहभागी संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | २०७२/२/१८ | नयाँ बसपार्क | ७ जना | २५५ जना |
| २ | २०७२/२/०५ | दुवाकोट भक्तपुर | ९ जना | ३१२ जना |
| ३ | २०७२/२/२२ | नयाँ बानेश्वर | ११ जना | ४६७ जना |
| ४ | २०७२/२/२९ | इमाडोल ललितपुर सिद्धिमंगल माध्यमिक विद्यालय | १४ जना | २०० जना |
| ५ | २०७२/३/३ | सानो व्यासी | १३ जना | १३५ जना |
| ६ | २०७२/३/३ | श्वोण दिप स्कुल, मनमैजु | १५ जना | ४५५ जना |
| ७ | २०७२/२/१० | भारदेउ बालाश्री मा.वि. | १८ जना | ३०० जना |
| ८ | २०७२/२/१० | तप्केश्वरी मा.वि. | १८ जना | २०० जना |
| ९ | २०७२/२/१० | मच्छेगाँउ, काठमाण्डौ | ७ जना | १५० जना |

**टेबल नम्बर १०: मुस्कान अभियान अर्न्तगत गतिविधिहरुको विवरण**

**जम्मा कार्यक्रम संख्या: ९ वटा**
**जम्मा सहभागी संख्या: २४७४ जना**

## २.९. भुकम्प पछाडी संस्थाको भूमिका तथा गतिबिधिहरु

मुस्कान अभियानसँग सँगै महिलाको निम्ति महिला मञ्च नेपालले भूकम्प पश्चात श्रमिक महिला तथा आम जनता विशेष गरी महिला, किशोरी, बालिका, वृद्ध महिला, विशेष अवस्था: गर्भवति, सुत्केरी महिलाहरुमा केन्द्रित रहि महिलाका विशेष आवश्यकताहरुमा ध्यान दिँदै मानवीय सहयोग आदान प्रदानका लागि विभिन्न गतिविधिहरु सञ्चालन गरेको थियो। जसअर्न्तगत निम्न अनुसार विभिन्न गतिविधिहरुको विवरण यस प्रकार रहेका छन्।

- राहत सामाग्री वितरण
- स्नेह तथा स्वास्थ्य सेवा तथा अभियान
- मुस्कान अभियान
- पुर्ननिमार्ण अभियान
- सुरक्षित आवास संचालन तथा व्यवस्थापन
- श्रमिक महिलाहरुको अवस्था तथा आवश्यकता बारे द्रुत सर्वेक्षण

### २.९.१. राहत वितरण समग्री वितरण विवरण





| क.सं. | राहत वितरण जिल्ला र क्षेत्र | सेवा लिने | वितरण मिति | सहयोग लिने जनसंख्या | वितरण सामाग्री नाम | संख्या |
|---|---|---|---|---|---|---|
| १ | मनमैजु, का.म.न.पा | मनमैजु स्वर्णदिप स्कूल परिषरमा बस्ने प्रभावित व्यक्तिहरु | २०७२/१/१५ | १५० | चामल | ३ बोरा |
| | | | | | दाल , चिउरा | ३० किलो |
| | | | | | खाने पानी | ४ केश |
| | | | | | चाउचाउ | २ काटुन |
| | | | | | खाना पकाउन ग्यास | ३ वटा |
| | | | | | त्रिपाल | २ वटा |
| २ | का.मा.न.पा | महिला मञ्च नेपाल सदस्यहरु | वैशाख १८ गतेदेखि अषाढ १० गते सम्म | २५ जना | त्रिपाल | २५ थान |
| ३ | गोंगबु, मनमैजु नयाँ बसपार्क जस्ता विभिन्न स्थानहरु, का.मा.न.पा | त्रिपाल मुनी बस्ने भुकम्प प्रभावितहरु | वैशाख १८ गतेदेखि अषाढ १० गते सम्म | ७५० जना | औषधी | |
| ४ | गोंगबु, मनमैजु नयाँ बसपार्क जस्ता विभिन्न स्थानहरु, का.मा.न.पा | मनमैजुमा त्रिपालमा बसेका भूकम्प प्रभावित किशोरीहरु | २०७२ जेष्ठ २३ गते | १२ जना | स्यानेटरी न्याप्किन | १२ प्याकेट |
| ५ | गोंगबु, मनमैजु नयाँ बसपार्क जस्ता विभिन्न स्थानहरु, का.मा.न.पा | त्रिपाल मुनि बसेका प्रभावितहरु | २०७२ जेष्ठ २३ गते | १५० जना | पिउस तथा सरसफाइ सामाग्रीहरु | ४ केश |
| ६ | काठमाण्डौं जिल्ला | भूकम्पबाट प्रभावित अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला तथा किशोरीहरु | २०७२ वैशाख १८ देखि अषाढ ११ सम्म | २५५ जना | १. चामल | १४९० किलो |
| | | | | | २. दाल | ५९६ किलो |
| | | | | | ३. तेल | ३०६ लिटर |
| | | | | | ४. नुन | २ बोरा |
| | | | | | ५. मसला, बेसार | ५१० पाकेट |
| | | | | | ६. चिउरा | ५१० किलो |
| | | | | | ७. स्वयाविन | १२७ किलो |
| | | | | | ८. चना, केराउ | १०० किलो |
| | | | | | ९. खानेपानी | ९ टयांकर |
| ७ | काठमाण्डौं जिल्ला | भूकम्पबाट घाईतेलाई श्रमिक महिला तथा किशोरीलाई | २०७२ वैशाष १३ गते र १९ गते | ३ जना | उपचार खर्च सहयोग | |
| ८ | काठमाण्डौं जिल्ला | भुकम्प प्रभावित श्रमिक महिलाहरु | २०७२ जेठ देखि २०७२ असारसम्म | ५ जना | आवश्यक लुगा सहयोग गरेको | १६ जना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | काठमाण्डौं जिल्ला | भूकम्प प्रभावित श्रमिक महिलाहरु | २२ जुलाई २०१५ | ३ जना | सामान खरिदका लागि आर्थिक सहयोग | रु. १०,००० |
| १० | काठमाण्डौं जिल्ला | दिर्घ रोगको उपचार गरिरहेको महिला मञ्च नेपाल सदस्य | २८ मेई २०१५ | १ जना | आर्थिक सहयोग | रु. १०,००० |
| ११ | काठमाण्डौं जिल्ला | भूकम्प प्रभावित श्रमिक महिलाहरु | वैशाख १८ गते देखि २५ सम्म | ९ जना | घर फर्कनका लागि आर्थिक सहयोग | रु. १५,००० |
| **महिला मञ्च नेपालले आर्थिक तथा सामाग्री सहयोग गरेको संख्या** | | | **१३६३ जना** | | | |

**टेबल नम्बर १२: रहत सामाग्री वितरण बारे विवरण**

## २.९.२. भूकम्प पश्चात महिला मञ्च नेपालबाट गरिएको स्वास्थ्य सेवा विवरण

महिलाको निम्ति महिला मञ्च नेपाल अर्न्तगत बैशाख १२ गते देखि नै भुकम्प प्रभावित क्षेत्रहरुमा महिलाहरु तथा आम प्रभावितहरुलाई स्वास्थ्य सहयोगका लागि महिला मञ्च नेपालकी स्वास्थ्य कार्यकर्ता मिना खड्का सहित अध्यक्ष सिर्जना पुन र अन्य महिला मञ्च नेपालका सदस्यहरु कार्यालयमा रहेको औषधीहरु लिई काठमाण्डौमा भुकम्प प्रभासिवत क्षेत्रहरु चाबहिल, गोगंबु, मनमैजु लगायत अन्य जिल्लाहरु शिन्दुपाल्चोकमा पनि स्वास्थ्य सहयोग र औषधी विवतरण गरिएको थियो । शिन्धुपाल्चोक जिल्ला सँघा गा.वि.स. २९ घर धुरी रहेको उक्त स्थानमा २५५ जनाको जनसंख्या रहेको थियो । त्यस स्थानमा महिलाको निम्ति महिला मञ्च नेपालले स्वास्थ्य सेवा उपलब्ध गराई महिला तथा बालबालिकाहरुलाई सहयोग गरि औषधीहरु पनि वितरण गरिएको थियो । त्यसै गरि चावहिल काठमाण्डौको सारदा मा.वि.बिद्यालयमा पनि नि:शुल्क महिला स्वास्थ्य उपचारका साथै औषधी वितरण गरिएको थियो ।

**स्वास्थ्य सेवा दिएको संख्या: ९५६ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराईएको थियो ।**



| क्र. सं. | मिति | स्थान | प्रजनन् तथा स्वास्थ्य परामर्श | रक्तचाप जाच | औषधी तथा स्यानेटरी न्याप्किन वितरण | हस्पिटल रिफर | उपचारका लागि आर्थिक सहयोग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | वैशाष १२ २०७२ देखि असार ३० २०७२ सम्म | ● चबहिल | | ४० जना | ५० जना | | | ९० जना |
| | | ● मनमैजु | ३९ जना | ४९० जना | २०१ | ३ जना | | ७३३ |
| | | ● साँखु | | | ३० जना | | | ३० जना |
| | | ● सिन्धुपाल्चोक | ३ जना | ५० जना | ५० जना | | | १०३ जना |
| | | | | | जम्मा | | ९५६ जना | |

**टेबल नम्बर १२ः भूकम्प पश्चात प्रदान गरिएको स्वास्थय सम्बन्धि सेवाको विवरण**

### २.९.३. पुर्ननिमार्णमा सहयोग

महिलाको निम्ति महिला मञ्च नेपाल विभिन्न संघ संस्थाहरुको साथै नेपाल स्वातन्त्र होटल क्यासिनो तथा मजदुर युनियन संगको समोन्वय सहकार्यमा भुकम्पबाट प्रभावित जिल्लाहरुमा धेरै छति भएको स्थानहरु तय गर्दै बालबालिकाहरुको पढ्न पाउने अधिकारबाट बञ्चित हुनुपर्ने अवस्थाहरु सिर्जना भएकाले उक्त स्थानहरुमा स्कूल निर्माण गर्ने र जोखिममा रहेका घर, स्कुलहरु भत्काउन सहयोगका लागि जेष्ठ १० गते देखि निरर्न्तर असाढ १० गते सम्म महिला मञ्च नेपालका सदस्यहरु खटिएका थिए । यसै गरि संस्थाको आयोजनामा भूकम्पबाट प्रभावित स्कूलहरु र आर्थिक स्थर कमजोर भएका भुकम्पबाट जोखिमपुर्ण घरहरु भत्काउन र पुर्ननिर्माणका लागि महिला मञ्च नेपालका सदस्यहरुको सक्रियतामा निम्न अनुसार पुर्ननिर्माण तथा सरसफाइ कार्य सम्पन्न भएको छ ।



| क्र.सं. | गतिविधि विवरण | स्थान | मिति | निमार्ण संख्या | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | स्कूल पुर्ननिर्माण | दक्षिणकाली, फर्पिङ्ग | २०७२ जेष्ठ १० गते | २ | ७ |
| २. | स्कूल निर्माण | छैमले | २०७२ जेष्ठ १३ गते | १ | २ |
| ३. | जोखिमपुर्ण घर भत्ककाएको | थानकोट, चेकपोष्ट | २०७२ जेष्ठ १८ गते | ४ | ३ |
| ४. | स्कुल निर्माण | मच्छे गाँउ, काठमाण्डौं | ,, जेष्ठ २१ गते | २ | ३ |
| ५. | स्कुल निर्माण | ईमाडोल | जेष्ठ २२ गते | १ | ७ |
| ६. | सरसफाई कार्यक्रममा सहभागी | बसन्तपुर, काठमाण्डौं | जेष्ठ २३ गते | २ | ७ |
| ७. | जोखिमपुर्ण घर भत्काएको | दक्षिणकाली | जेष्ठ २४ गते | ४ | ५ |
| ८. | घर निर्माणमा सहयोग | काभ्रे जिल्ला | जेष्ठ २५ गते | २ | १ |
| ९. | जोखिमपुर्ण घर भत्काएको | काभ्रे जिल्ला | जेष्ठ २८ | ६ | १ |
| १०. | स्कुल निर्माण | चतुर गाँउ | जेष्ठ २९ | २ | २ |
| ११. | स्कुल सरसफाई | जिल्ला भक्तपुर, सानो व्यासी | अषाढ ९ गते | १ | १९ |
| १२. | स्कुल निर्माण | ललितपुर, जिल्ला लुभु | अषाढ १० र १२ गते | १ | १५ |
| १३. | जोखिमपुर्ण घर भत्काएको | भक्तपुर, बाँसबारी | अषाढ २७ गते | १ | २५ |

- **निर्माण कार्य गरिएका स्कुलहरुको संख्या: ७ वटा**
- **जोखिमपुर्ण भरहरु भत्काएको संख्या: १९ वटा**
- **सरसफाई गरिएको स्कुलहरु र सार्वजनिक स्थलहरु संख्या: ३ वटा**
- **जम्मा संख्या: २९ वटा**

**टेबल नम्बर १३: भूकम्प पश्चात पुर्ननिर्माण तथा सरसफाई सम्बन्धि गतिविधिको विवरण**

### २.९.४. महिला मञ्च नेपालमा अस्थाई सुरक्षित आवास सञ्चालन

महिलाको निम्ति महिला मञ्च नेपाल अर्न्तगत भुकम्पबाट प्रभावित श्रमिक महिलाहरुको सहयोगका लागि २०७२ वैशाख १४ गते देखि नै महिलाहरुलाई सहयोग गर्ने कार्यक्रम सुचारु गरिएको थियो भने अधिकांश अहिलाहरुको बस्ने घर चक्रिएको र रोजगारीबाट बञ्चित भएको अवस्थामा कुनै पनि आय स्रोत नभई बाँच्न मुस्किल परिरहेको अवस्थामा संस्थाले श्रमिक हरुलाई मनोबल बढाउन विभिन्न मनोरञ्जनात्मक कृयाकलापहरु सञ्चालन गर्ने साथै महिला मञ्च नेपाल कार्यलयमा नै व्यवस्था गरि सुरक्षित बासस्थान तय गरि निरन्तर सहयोग गरिरहेको थियो । जस मध्य कति पय महिलाहरु एक हप्ता पश्चात आफ्नो बस्ने बासको व्यवस्था गरि अन्यत्र डेरा सरेरको भने कतिपय महिलाहरुलाई दिर्घकालीन सहयोगकको अवश्यकता देखिएको थियो । कतिपय श्रमिक महिलाहरुलाई अन्य संघ संस्थाहरुमा सिफारिस गरिएको छ ।

### २.९.५. अस्थायी सुरक्षाबासमा सेवा लिनेहरुको विवरण

| क्र.श. | जिल्ला | मिति: | कामगर्ने स्थान: | संस्थामा लिएको सेवा | अवस्था | संख्या: |
|---|---|---|---|---|---|---|
| १. | धनगढी | बैशाख १५ गते देखि | डान्सबार | खाना, बास, मनोविमर्श सेवा स्कुल सहयोग | भुकम्पको पराकम्पनको डरले | २ |
| २. | नुवाकोट, लिखु, बिदुर | बैशाख २३ गते देखि | ,, | खान, बस्न सहयोग | ,, | ३ |
| ३. | नेपाल गञ्ज | बैशाख १३ गते | दोहोरी साँझ | खान, बस्न, उपचार र मनोविमर्श सेवा | घर चक्रिएको ले | १ |
| ४. | रोल्पा, जिल्ला | ,, | ,, | खान, बस्न मनोविमर्श सेवा | ,, | १ |
| ५. | कैलाली | ,, | ,, | ,, | ,, | २ |
| ६. | तनँहु, बाग्लुङ् जिल्ला | बैशाख १९ गते | ,, | ,, | पराकम्पनले गर्दा डराएर | ३ |
| ७. | अर्घाखाँची, जिल्ला | बैशाख २३ गते | ,, | ,, | ,, | १ |
| ८. | लमजुङ् जिल्ला | बैशाख १५ गते | डान्सबार | ,, | ,, | २ |
| ९. | नवलपरासी | बैशाख १९ गते | क्याविन रेष्टुरेण्ट | स्वास्थ्य सेवा उपचार सहयोग, लुगा, लत्ता | बस्ने डेरा भत्किएकाले | १ जना |
| १०. | बर्दिया जिल्ला | ,, | गेष्ठहाउस | ,, | कार्स्थल भत्किएकाले | १ |
| ११. | रोल्पा जिल्ला | अषाढ १० गते | दोहोरी साँझ | बास, खाना स्वास्थ्य उपचार सेवा | घरेलु हिंसा भएकाले | १ |
| १२. | धनुशा जिल्ला | जेष्ठ ३० गते | डान्सबार | बास, खाना, मनोविमर्श सेवा | घर भत्किएको | १ |
| १३. | गोरखा जिल्ला | बैशाख २९ गते | दोहोरी साँझ | बास, खाना, | घर चक्रिएको | १ |
| १४. | उदयपुर, झापा | बैशाख २० गते | ओरेक नेपाल | खाना, बस्न | स्नेह गृहमार्फत सेवा प्रदान गर्नका लागि | २ |
| १५. | बाग्लुङ् जिल्ला | अषाढ १९ गते | बाटोमा अलपत्र | खाना, बस्न आवस्यक सामग्री स्कुल सहयोग | गाँउबाट भागेर बाटोमा भेटिएकोले | १ |
| १६. | दाँङ्ग जिल्ला | बैशाख १२ गते | महिला मञ्च सदस्य | खान, बस्न, | घर चक्रेकोले | १ |
| | **महिला मञ्च नेपाललमा अस्थायी सुरक्षित बास सेवा लिने महिलाहरुको संख्या : २४** | | | | | |

**टेबल नम्बर १४: भूकम्प प्रश्चात अस्थायी सुरक्षावास सेवा सम्बन्धि विवरण**

# ३. समस्या तथा चुनौतीहरु

अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको अधिकार सुनिश्चितता, पहूँचमा अभिवृद्धिका लागि राज्य तथा समाजबाट नै पछाडि पारिएकोले संस्थाले पनि विभिन्न समस्या तथा चूनौतिहरुको सामना गर्दै आएको छ । भूकम्प पश्चात श्रमिक महिला तथा किशोरीहरुले थप समस्या तथा चूनौतिबाट गुर्जिनु परेको छ । जस अर्न्तगत मुख्य समस्या तथा चूनौतिहरु यस प्रकार रहेको छन् ।

- राज्य, समाज र परिवारबाट यस क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको श्रम कानुन तथा सामाजिक पहिचान र मान्यता नदिईको अवस्थाले गर्दा श्रमिक महिलाहरुले नकारात्मक सामाजिक दृष्टिको तथा व्यवहारको सामना गर्नु पर्ने बाध्यता,
- नकरात्मक सामाजिक धारणाका कारण कामको बारेमा आत्मसम्मानका साथ खुलेर व्यक्त गर्न नसक्नु ,
- यस क्षेत्रका कार्यस्थलमा श्रमिक महिलाहरु विरुद्ध हुने यौनजन्य हिंसा विरुछ सर्वोच्च अदालतको निर्देशिका २०६५ र आचार सहिंताको पालना नहुनु,
- कार्यस्थलमा औपचारिक रुपमा श्रमिकको पहिचान हुनु, नियुक्ति पत्र नपाउने, कार्य घण्टा निर्धारण नहुने, न्युनतम ज्याला तथा समयमा तलबको व्यवस्था नहुनु, विशेष गरी रात्रिकालीन काममा सुरक्षाको उचित व्यवस्था नहुनु, सामाजिक सुरक्षाको अभावले गर्दा रोजगारीको सुनिश्चिता नहुनु
- कार्यस्थलमा संञ्चालक , ग्राहक , सहकर्मीबाट विभिन्न खाले मानसिक, शारीरिक, यौनिक, आर्थिक हिंसा तथा शोषण हुने,
- प्रहरी प्रशासनबाट बिनाकारण पक्राउ गर्ने र महिला मात्र दोषी मानी कारबाही प्रवृत्ति ,
- विभिन्न संञ्चारमाध्यमहरु मर्फत यस क्षेत्रमा कार्यरत महिलाहरुको नकरात्मक चित्रण गरिनु ,
- श्रमिकको अधिकार सुश्चित गर्ने कानुनी व्यवस्था नहुनु र श्रम ऐनले पनि नसमेट्नु,
- यस क्षेत्रमा काम गर्ने संघ संस्थाको बुझाई र काम गर्ने तरिका फरक हुँदा एकजुट हुनमा कठिनाई हुनु,
- भूकम्प पश्चात श्रमिकहरु बेरोजगारी, असुरक्षा, आर्थिक अभावले गर्दा जीविकोपार्जनमा कठिनाइ थपिएको,
- कार्यस्थल व्यवस्थित नहुँदा विभिन्न स्वास्थ्य सम्बिन्धि समस्या सिर्जना हुनु,
- निर्वाहमूखी ज्याला, सम्मानपूर्ण रोजगारी तथा सुरक्षाको सुनिश्चिता नभएकाले जोखिमपूर्ण रुपमा असुरक्षित स्थानागमन गर्न बाध्य हुनु, मानव बेचविखनको शिकार बन्न सक्ने जोखिम अभिवृद्धि हुनु ।

# ४. समग्र उपलब्धिहरु

- अनौपचारिक तथा मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरुले अधिकारका लागि वकालत **गर्न सक्षम भएको र श्रमिक महिलाहरुको एकता, संगठन विस्तार भएको छ ।**
- **कार्यस्थलमा हुने विभिन्न हिंसा तथा श्रम शोषणको बारेमा आफैले प्रहरी तथा यूनियनहरुमा उजुरी गर्न थालिएको छ ।**
- **महिला स्वास्थ्य अधिकारको विषयमा र स्वास्थ्य समस्याहरुको बारेमा बुझेर सहकर्मीहरुलाई प्रभावकारी सुचना प्रद्धानमा अभिवृद्धि भएको ।**
- **आफ्नो अधिकारको लागी विभिन्न कार्यक्रममा सहभागी भएर मुद्दा उठाउन थालिएको छ ।**

- विभिन्न क्षमतामूलक तथा व्यवसायिक सीपमुलक तालिमहरु लिनलाई ईच्छुक भएको र तालिम लिएपछि कार्यस्थलमा अझ राम्रो काम गर्न सफलता प्राप्त भएको छ ।
- कार्यस्थलमा हुने विभिन्न हिंसा र शोषणका विरुद्धमा मौन तथा सक्रिय रुपमा प्रतिक्रिया गर्न थालिएको छ ।
- आफुभित्र लुकेका प्रतिभाहरु सांस्कृतिक कार्यक्रमको माध्यमबाट प्रस्तुती गर्न वातावरण र्सिजना भएको छ ।
- संस्था तथा सूचनाको महत्व बुझेर श्रमिक महिलाहरु निरन्तर रुपमा संस्थामा आउने र कार्यक्रममा भाग लिने क्रम बढेको छ ।
- सदस्यहरुको क्षमता विकास भई एकजुट भएर न्यायका लागि पहल गर्न सक्ने वातावरण सिर्जना भएको छ ।
- विभिन्न राष्ट्रिय, अर्न्तराष्ट्रिय संघ संस्थाहरुसँग समवन्य र सहकार्यको वातावरण सृजना भएको छ ।
- सम्बन्धित सरकारी निकायमा पहूँच, समन्वय, सहकार्य अभिवृद्धि भएको छ ।
- श्रमिक महिलाबाट ट्रेड युनियनमा पनि आवद्ध भई २ वटा ईलाका कमिटिहरु गठन गरेर श्रम शोषणको घटनाहरुमा आफैले नेतृत्व लिन थालिएको छ ।
- कार्यक्षेत्रमा नियुक्ति पत्रको माग गर्न थालिएको छ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरुको ऐक्यबद्धता तथा सहयोग प्राप्त हुन थालेको छ ।
- संस्थागत विकासका लागि क्षमता विकास भई सवाल पहिचान र आवश्यकता अनुरुपको क्षमता विकास कार्यक्रमहरुमा वृद्धि भएको छ ।
- श्रमिक महिलाहरुको अवस्थाको विषयमा अध्ययन तथा अनुसन्धान गरी सत्य तथ्य जानकारी उपलब्ध गराउन सक्ने क्षमता विकास भएको छ ।
- सम्बन्धित निकायहरुलाई संवेदनशील बनाउने पहल तथा पैरवीमा अभिवृद्धि भएको छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संस्थाको पहिचान स्थापित भएको छ ।
- भूकम्प पश्चात श्रमिक महिलाहरुको राहत सामाग्री तथा अन्य सेवाहरुमा पहूँच अभिवृद्धि भई सेवा प्राप्त भएको छ र पुर्ननिर्माणमा सहयोग तथा समुदायमा मुस्कान ल्याउन सकिएको छ जसले गर्दा श्रमिक महिलाहरुप्रति समाजमा भएको नकारात्मक धारणा तथा समग्र महिलाहरुले पुर्ननिर्माणका कार्यहरु गर्न सक्दैनन् भन्ने सामाजिक मान्यतामा परिवर्तन आएको छ ।
- पैरवीको फलस्वरुप यस क्षेत्रमा कार्यस्थल दर्ता तथा संचालन सम्बिन्धि कार्यविधि तयारीका लागि सरकारी स्तरबाट पहल सुरु भएको छ र सोमा श्रमिक महिलाहरुको तर्फबाट

# ५. सिकाई तथा निष्कर्श

नेपालको बर्तमान पितृसत्तात्मक राज्य संरचनाले महिलाहरुलाई पुरुष सरह सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक अधिकारको पूर्ण रुपमा उपभोग गर्नबाट सहजरुपमा नपाएको अवस्था छ । यो स्थितिलाई मध्यनजर गर्दै अब बन्ने नयाँ संविधानमा महिला र पुरुषको समान्य साझेदारिता स्थापित गर्नका लागि र हालको परिस्थितिमा सन्तुलन ल्याउनका लागि हरेक क्षेत्रमा महिलाहरु सक्रियताका साथ काम गरिरहेका छन् । नेपालमा वैशाख १२ गतेको महाविनाशकारी भुकम्पले सारा नेपालीहरुलाई असर पारेको छ विशेष गरि अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा श्रमिक महिलाहरु राज्य तथा समाजका हरेक पहुँचबाट टाढा पारिएका छन् । विपतको बेलामा पनि महिलाहरुको पहूँच सुनिश्चित गर्न प्रकृतिक विपत आउनु अघिदेखि नै पुर्व तयारी गर्नु आवश्यक छ । राज्यका हरेक संरचनामा माहिलाहरुको अर्थपूर्ण सहभागीता हुनुपर्ने मान्यताका साथ अगाडि बढेका छन् । समानुपातिक सहभागीता र कामको मान्यता स्थापीत हुन सकेमात्र श्रमिक महिलाहरुको सुरक्षा र पहिचान स्थापित हुन सक्दछ । यदि माहिला पुरुषबीचको समान साझेदारितालाई स्थापित भएमा विविध जाति, जनजाति, धर्म, सँस्कृति, भौगोलिक क्षेत्र, भाषा भाषी र अन्य सामाजिक पहिचान बोकेका महिला र पुरुषको सहि पहिचान कायम हुन सक्ला भन्ने हाम्रो ठहर छ। लोकतन्त्र, शान्ति र महिला अधिकारका निम्ति महिलाहरुको क्रियाशिलता र चेतना थप बढेको छ। आत्मनिर्भरतातर्फको चाहना र प्रयत्न बढदै गएको तथा आफूमाथि हुने शोषणका विरुद्ध उभिने मानसिकता विकास हुँदै गएको छ। सामाजिक अन्धिविश्वास र परम्परागत मानसिकताका विरुद्ध जागरुक अभियानहरु सञ्चालन हुदै गएका छन् । यसले महिलाहरु सकृय हुँदै आएको छन् भन्ने कुरामा हामी विश्वस्त छौं साथै श्रमिक महिलाहरुको कामको सामाजिक तथा कानूनी पहिचान स्थापना गर्नका लागि श्रमिक महिलाहरुको सशक्तिकरण, एकिकरण तथा राज्यलाई जिम्मेवारीबोध गराउन, सक्रिय बनाउन सम्पूर्ण श्रमिक महिलाहरु, पुरुषहरु, संघ, संस्था र सञ्जालहरु समन्वय, सहकार्य अभिवृद्धि गर्दै आगामी दिनहरुमा अगाडि बढ्नु अपरिहार्य रहेको छ।

# ६. अनुसुची

## अनुसूची १: काठमाण्डौं घोषणा पत्र २०७२

### “अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको निर्वाहमुखी ज्याला कानूनी व्यवस्था, चूनौति तथा आगामी कदमहरु” विषयक राष्ट्रिय गोष्ठीद्वारा पारित

### काठमाण्डौं घोषणापत्र, २०७२

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धि अभिसन्धि, महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि, विभिन्न आइएलओ महासन्धि लगायत मानिसको स्वतन्त्र रुपमा रोजगारी छान्न पाउने अधिकार, मानवअधिकार, महिला अधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्दै,

अनौपचारिक तथा मनोरञ्जन क्षेत्र (डान्स रेस्टुरेण्ट, दोहोरी रेस्टुरेण्ट, मसाज पार्लर, खुला तथा क्याबिन रेस्टुरेण्ट)मा कार्यरत श्रमिक महिलाहरुको कामलाई कानूनी रुपमा मान्यता नदिएको र विभेदपूर्ण पितृसत्तात्मक समाजिक सोच, तथा संरचनाका कारण कार्यस्थल, परिवार, समाजमा विभिन्न समस्या तथा चूनौतिहरुसँग जुझ्दै निरन्तर संघर्ष गरिरहनु पर्ने बाध्यतालाई प्रतिविम्बन गर्दै,

सर्वोच्च अदालतद्वारा श्रमजीवी महिलाहरु प्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका २०६५ प्रभावकारी कार्यान्वयन नभएको र निर्देशिका मात्रले श्रमिक महिलाहरुको श्रम अधिकार सुनिश्चित गर्नका लागि पर्याप्त नभएको अवस्थालाई पुनःउल्लेख गर्दै,

वि.सं.२०७२ वैशाख १२ गतेको महाविनाशकारी तथा दुखद् भूकम्पले श्रमिक महिलाहरुको बासस्थान तथा रोजगारीबाट विस्थापन भई अति प्रभाव परेको कुरामा ध्यानाकर्षण गराउँदै,

वि.स.२०७२ साल असार ४ गते (तदानुसार १९ अप्रिल, २०१५)मा काठमाण्डौंमा सम्पन्न महिलाको निम्ति महिला मञ्च नेपाल र ओरेक नेपालद्वारा संयुक्त रुपमा आयोजित “अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको निर्वाहमुखी ज्याला कानूनी व्यवस्था, चूनौति तथा आगामी कदमहरु” विषयक राष्ट्रिय गोष्ठिमा काठमाण्डौं उपत्यकाका तीनवटै जिल्लाहरुमा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा कार्यरत ५० जना प्रतिनिधि श्रमिक महिलाहरु, १२ जना सरकारी निकाय प्रतिनिधिहरु, ३५ वटा संघ, संस्था र ४ जना ट्रेड यूनियन प्रतिनिधिहरु, राष्ट्रिय मानव अधिकार आयोग र संचारकर्मीहरु समेतको सहभागीता रहेको राष्ट्रिय गोष्ठिबाट १८ बुँदे काठमाण्डौं घोषणा पत्र जारी गरियो ।

- अनौपचारिक तथा मनोरञ्जन क्षेत्रलाई रोजगारीको क्षेत्रको रुपमा व्यवस्थित गर्दै यस क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको कामको पहिचान, सम्मान तथा सम्मानित ज्याला सुनिश्चित गरियोस् ।
- श्रमिक महिलाहरुले राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानको सम्मान गर्दै श्रमिक महिलाहरुको कामलाई व्यावसायिक कामको रुपमा स्थापित गर्न अब बन्ने संविधानमा व्यवस्था गरियोस् ।
- श्रमिक महिलाहरुले व्यवस्थित तथा सुरक्षित रोजगारी गर्न पाउने वातावरण स्थापित गर्नका लागि सर्वोच्च अदालतबाट सरकारका नाममा परमादेश जारी गरे बमोजिम भिन्नै कानूनको व्यवस्था गरियोस् र सो कानून नबनुन्जेलसम्मका लागि वर्तमान निर्देशिका २०६५ को प्रभावकारी कार्यान्वयन गरियोस् ।
- अनौपचारिक तथा मनोरञ्जन क्षेत्रका व्यवसायलाई दर्ता तथा नवीकरण गर्ने प्रभावकारी कार्यान्वयनको व्यवस्था गरियोस् ।

- भूकम्पबाट प्रभावित बहालमा बस्दै आएका आन्तरिक प्रवासी श्रमिक महिलाहरुलाई अनिवार्य भूकम्प प्रभावित परिचयपत्र अविलम्ब उपलब्ध गराई तत्काल आवश्यकता परिपूर्तिका लागि सहयोग, प्रभावित श्रमिक महिलाहरुको बालबच्चाको लागि निःशुल्क शिक्षा, स्वास्थ्य सेवा तथा दिगो पुर्नस्थापनाका लागि राजेगारी, आवास लगायत व्यवस्था गरियोस् ।
- राज्यका निति निर्णायक तथा ज्याला तय गर्ने निर्णायक तहमा श्रमिक महिलाहरुको अनिवार्य सहभागीता सुनिश्चित गरियोस् ।
- विगतदेखि ज्याला नलिइ काम छोड्न विवश श्रमिक महिलाहरुको काम गरेको समयको ज्याला उपलब्ध गराउनका लागि सरकारको तर्फबाट पहल गरियोस् ।
- श्रमिक महिलाहरुको संगठित हुने अधिकार सुनिश्चित गरियोस् ।
- राज्यका निकाय, व्यवसायी तथा संबन्धित निकायबाट जवाफदेहीता, जिम्मेवारी, सामाजिक उत्तरदायित्व पूरा गर्न जोडदार माग गरिन्छ र यसलाई सुनिश्चित गर्नका लागि उचित व्यवस्था गरियोस् ।
- श्रमिक महिलाहरुको स्वतन्त्र रुपमा हिंड्डुल गर्न पाउने अधिकार, रोजगारी छान्न पाउने अधिकार, कार्यस्थलमा स्वच्छ वातावरण तथा बाल अधिकारलाई मध्य नजर गर्दै शिशुस्यहारको व्यवस्था सुनिश्चित गरियोस् ।
- सुरक्षा निकाय लगायत राज्यका जिम्मेवार निकायमा कार्यरत रहि आफ्नो कर्तव्य पालना गर्ने क्रममा श्रमिक महिलाहरुमाथि गरिने मानसिक, शारीरिक हिंसा तथा मानव अधिकार हनन्का घटनाहरुलाई तत्काल नियन्त्रण गर्दै, दण्डहिनताको अन्त्य गरी श्रमिक महिलालाई सामाजिक सुरक्षा तथा मानवअधिकारको सुनिश्चितता गरियोस् ।
- निर्देशिका २०६५ को कार्यान्वयन नगर्ने निकाय तथा व्यक्तिहरुलाई कडा कारवाही गरियोस् ।
- श्रमिक महिलाहरुले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा काम गरेकै कारणले भोग्नु परेको शारीरिक, मानसिक तथा आर्थिक हिंसालाई सम्बोधन गर्दै हिंसा गर्ने व्यक्तिलाई अविलम्ब कारवाही प्रक्रियामा ल्याई उचित क्षतिपूर्तिको व्यवस्था गरी कानूनी अधिकारको सुनिश्चितता गरियोस् ।
- नाबालकको आमासँग बस्न पाउने अधिकारलाई सुनिश्चित गरियोस् ।
- फरक क्षमता भएका तथा यौनिक अल्पसंख्यक श्रमिक महिलाहरुको अधिकार सुनिश्चित गर्नका लागि विशेष व्यवस्था गरियोस् ।
- श्रमिक महिलाहरुको क्षमता, सीप तथा कलाको सम्मान गर्दै श्रमिक महिलाहरुलाई सम्मानपूर्वक काम गर्न पाउने वातावरण सिर्जना गरियोस् ।
- विद्युतिय कारोबार अपराधलाई अन्त्य गर्न र प्रभावितलाई न्याय दिलाउनको लागि उचित कानूनी व्यवस्था गरियोस् ।
- मानव बेचविखनजस्ता जघन्य अपराधहरुको जरैदेखि अन्त्य गर्नका लागि अपराधिहरुलाई अविलम्ब कारबाही प्रक्रियामा ल्याई प्रभावितलाई न्याय दिलाउदै, सुरक्षित स्थानागमलाई प्रवर्द्धन गर्न र नयाँ सूचना तथा संचार प्रणालीको उचित प्रयोगको व्यवस्थालई प्रभावकारी बनाइयोस् ।



सिर्जना पुन
अध्यक्ष
महिलाको निम्ति महिला मञ्च नेपाल



प्रतिमा शर्मा
कार्यक्रम तथा व्यवस्थापन निर्देशक
महिला पुर्नस्थापना केन्द (ओरेक नेपाल)

**२०७२/०३/०४ (काठमाण्डौं)**

## अनुसूची २: साझेदार संस्थाहरु

### १. साझेदार संस्थाहरु २०८ देखि २०१२ सम्म

१. महिला पुर्नस्थापना केन्द्र (ओरेक नेपाल)
२. अन्र्तराष्ट्रिय आप्रवासन संगठन (आइएलओ)

### २.साझेदारी संस्थाहरु २०१२ देखि २०१३ सम्म

१.टेवा
२.ओरेक नेपाल
३. Asia Pacific Forum On Women,Law and Development (APWLD)

### ३. साझेदारी संस्थाहरु २०१३ देखि २०१४ सम्म :

१. एपिडब्लुएल्डी -Asia Pacific Forum On Women, Law and Development (APWLD)
२. द एशिया फाउन्डेसन -The Asia Foundation (TAF)
३.ग्लोबल फण्ड फर वूमेन -Global Fund For Women (GFW)
४.जनचेतना विकास समाज नेपाल (PADS Nepal)
५.टेवा संस्था
६.साउथ एशिया वूमेन फण्ड (SAWF)

### ४. साझेदार संस्थाहरु २०१४ देखि २०१५ सम्म

१.ग्लोबल फण्ड फर वूमेन -Global Fund For Women (GFW)
२. द एशिया फाउन्डेसन -The Asia Foundation (TAF)
३.साउथ एशिया वूमेन फण्ड (SAWF)
४. टेवा
५. जनचेतना विकास समाज नेपाल (PADS Nepal)
६. महिला पुर्नस्थापना केन्द्र (ओरेक नेपाल)
७. सामी/हेल्भेटास

## अनुसूची ३: संस्थापक कार्यसमिति सदस्यहरु

१. गोमावती पुन (सिर्जना)- अध्यक्ष
२. रमिता कुमारी कुश्वारा- उपअध्यक्ष
३. रिना खवास - सचिव
४. प्रतिक्षा गुरु¨ - सह सचिव
५. कल्पना गुरु¨ - कोष अध्यक्ष
६. गंगा खकुरेल - सदस्य
७. नरमाया माझी -सदस्य
८. सुकुमाय तामा¨ - सदस्य
९. विमला गुरु¨ - सदस्य

## अनुसूची ४ :महिलाको निम्ति महिला मञ्च नेपाल सदस्य रहेका राष्ट्रिय संजालहरु

- महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय संजाल
- (महिला मन्त्रालय अर्न्तरगत) मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि राष्ट्रिय समिति
- अधिकारका लागि अभियानसञ्जाल
- सहकार्यका लागि अभियान सञ्जाल
- महिलाको सुरक्षित स्थानागमन अधिकारका लागि सञ्जाल
- महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)
- नेपाल स्वतन्त्र होटल क्यासिनो तथा मजदुर यूनियन, केन्द्रिय कमिटि (नेस्वहोमयू)
- GBVIMS समिति

## अनुसूची ५: महिला मञ्च नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय संजालहरु

- ग्लोबल अलायन्स् अगेन्स्ट ट्राफिक इन वूमेन (GAATW)
- एसिया प्यासिफिक फोरम अन वूमेन, ल एण्ड डेभ्लप्मेन्ट (APWLD )
  - साउथ एसियन फेमिन्ष्टि अलायन्स (SAFA )

## अनुसूची ६: संस्थाका प्रकाशनहरु

- मर्यादित श्रम र वाँच्ने आधारको ज्याला सम्वन्धी अनुसन्धान प्रतिवेदन (अग्रेजी)
- संस्थाको ब्रोसर (नेपाली, अंग्रेजी)
- निर्देशिका २०६५ सम्बन्धि जानकारीमूलक, पैरवीमूलक पत्र (नेपाली)
- सूचना पत्र - नेपाली

## अनुसूची ७: सहकार्यमा प्रकाशन

- मनोरञ्जन क्षेत्रमा श्रमिक महिलाहरुको आवाज - नेपाली
- सहकार्य - नेपाली
- अधिकारका लागि अभियान सञ्जालको ब्रोसर - अंग्रेजी

## अनुसूची ८: आर्थिक वर्ष २०७०/७१ को आयव्यय विवरण

# Women Forum for Women in Nepal

Gongabu, Kathmandu

(Date: 2072/03/31(16-July-2015)

## Balance Sheet

### Fund and Liabilities

| Last Year 16 July 2014(071/03/31) Amount( Rs.) | Fund and Liabilities | Schedule | This year 16 July 2015(072/03/31) Amount(Rs.) |
|---|---|---|---|
| 20,000.00 | Loan WOREC Nepal | | 20,000.00 |
| 90,795.45 | Accounts Payable | 3 | 561,038.00 |
| 1,011,393.10 | Sources of General fund | 14 | 2,503,661.06 |
| **1,122,188.55** | **Total** | | **3,084,699.06** |

### Assets and Properties

| Last Year 16 July 2014(071/03/31) Amount( Rs.) | Assets and Properties | Schedule | This year 16 July 2015(072/03/31) Amount(Rs.) |
|---|---|---|---|
| 14,338.00 | Cash in hand | | 616.15 |
| 671,729.44 | NIC Asia Bank ( 1721229280524001) | | 1,656,285.98 |
| 83,495.69 | NIC Asia Bank ( 1721229280524002) | | 452,717.79 |
| 257,081.17 | NIC Asia Bank ( 1721229280524003) | | 82,723.21 |
| | Citizen International bank (A/C no. : 0380000090CA) | | 820,005.00 |
| 69,283.00 | Advance and Receivable | 2 | 52,655.00 |
| 26,261.25 | Computer desktop | 13 | 19,695.93 |
| **1,122,188.55** | **Total** | | **3,084,699.06** |

Note : Schedule 1 to 14 and Notes to accounts are integral part of this financial statement.

| | | | |
|---|---|---|---|
| (Rabin Danuwar) Accountant | (Kalpana Rai) Treasurer | ( Gomawoti Pun) Chairperson | (R.A.Bala Ram Sachin) for Sachin & company Registered Auditors |

## Women Forum for Women in Nepal

Gongabu, Kathmandu

For the period of 16th July 2014 to 16th July 2015

(Date: 2071/04/1 to 2072/03/31)

### Income and Expenditure Statement

| Expenditure | Schedule | Amount | Income | Schedule | Amount |
|---|---|---|---|---|---|
| Expenses of Public Awareness Development Society Nepal | 4 | 692,889.88 | Grant received from Public Awareness Development Society Nepal | | 523,700.00 |
| Expenses of Global Fund for Women | 7 | 562,173.00 | Grant received from Global Fund for Women | | 740,250.00 |
| Expenses of South Asian Women Fund | 9 | 510,655.00 | Grant received from South Asian Women Fund | | 298,357.10 |
| Expenses of TEWA | 8 | 195,825.00 | Grant received from APWLD | | 100,500.00 |
| Expenses of The Asia Foundation | 6 | 1,718,090.65 | Grant received from The Asia Foundation | | 2,063,796.00 |
| Expenses of Sami/HELVETAS | 5 | 263,797.00 | Grant received from Sami/HELVETAS | | 268,800.00 |
| Expenses of Earthquake Relief(TAF,GFW and PADS Nepal) | 11 | 570,917.00 | Grant received from Earthquake Relief(TAF,GFW and PADS Nepal) | | 2,128,671.00 |
| Expenses of DOVA(WOREC Nepal) | 10 | 127,366.00 | Grant received from WOREC Nepal | | 126,000.00 |
| Expenses of Women Forum for Women in Nepal | 12 | 282,096.59 | Sources Income | 1 | 187,569.30 |
| Depreciation | 13 | 6,565.32 | | | |
| Audit fee this year | | 15,000.00 | | | |
| **Total Expenditure** | | **4,945,375.44** | **Total Income** | | **6,437,643.40** |
| This year saving (Transfer to B/S) | | 1,492,267.96 | | | |
| **Total** | | **6,437,643.40** | **Total** | | **6,437,643.40** |

Note : Schedule 1 to 14 and Notes to accounts are integral part of this financial statement.

| | | | |
|---|---|---|---|
| (Rabin Danuwar) | (Kalpana Rai) | (Gomawoti Pun) | (R.A.Bala Ram Sachin) |
| Accountant | Treasurer | Chairperson | for Sachin & company |
| | | | Registered Auditors |

# महिलाको निम्ति महिला मञ्च नेपाल

## वार्षिक प्रतिवेदन आ.व.२०७१/०७२

प्रकाशकः
महिलाको निम्ति महिला मञ्च नेपाल
गोंगबु, काठमाडौं
फोन नं.: ०१४३८१६८६,
ईमेलः wofowon@gmail.com
वेवसाइटः www.wofowon.org.np

प्रकाशन सहयोगीः
USAID FROM THE AMERICAN PEOPLE
The Asia Foundation